नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२




यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



NITCO
TILES MARBLE MOSAICO



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ११ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 27 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९१

## कौडीको मोलमा उखु बेच्दै सर्लाही र रौतहटका किसान

प्रस, गरुडा, १० मङ्सिर/

सर्लाही र रौतहटका उखु किसानले कौडीको मोलमा उखु धमाधम बेचिरहेका छन् । सरकारले गत वर्ष प्रतिक्वीन्टल पाँच सय रुपैयाँभन्दा बढी उखुको मूल्य तोकेको भएपनि प्रतिक्वीन्टल तीन सय रुपैयाँमा उखु किसानले उखु बेचिरहेका छन् ।



तस्वीरः फाइल

गत वर्ष उखुको भुक्तानीको माग गर्दै राजमार्गमा धर्नामा बसेका उखु उत्पादक सङ्घ, रौतहटका पदाधिकारीहरू ।

सर्लाही र रौतहटका चिनीमिल सञ्चालनमा आउनुपूर्व नै उखु किसानले सख्खर उत्पादन गर्ने क्रसर उद्योगलाई सस्तोमा उखु बेचेका हुन् । उखु किसानले सस्तोमा खुँटी उखु बेच्दै गर्दा खाली भएको खेतमा रबी बाली लगाउन भने भ्याउने विश्वास रहेको छ ।

सर्लाहीको गोडैता नगरपालिका–५ रामवनका किसान शिवकान्त झाले आफूले प्रतिक्वीन्टल तीन सय रुपैयाँमा क्रसर उद्योगलाई उखु बेचेको बताएका छन् ।

स्थानीय बन्हु हजारीको क्रसर उद्योगले प्रतिक्वीन्टल तीन सय रुपैयाँमा उखु किनेको हुँदा सोही मोलमा उखु बेचिदिएको झा बताउँछन् । उखु बेचेर खाली भएको खेतमा मसुरो खेती गर्न भ्याउने झाको भनाइ छ ।

कात्तिक र मङ्सिरसम्म उखु बेचेर खाली भएको खेतमा किसानहरूले मसुरो, आलस, तोरी, गहुँ र अन्य बाली लगाउन भ्याउने भएकाले किसानहरूले सस्तोमा उखु बेचिरहेको बताउँछन् । रौतहटको गढीमाई–२ समनपुरका किसान रुदल सहनी तथा सर्लाहीको धनकौल गाउँपालिका, हरकठवाका किसान राम सोगारथ महतोले पनि रबीबाली लगाउन खेती खाली गर्न सस्तोमा उखु बेचेका छन् । सर्लाही र रौतहटका विभिन्न ठाउँमा सख्खर उत्पादन गर्ने क्रसर उद्योग सञ्चालनमा आउँदा किसानहरूले सस्तोमा उखु बेच्नुपर्ने मुख्य कारण थप एउटा बाली लगाउनकै लागि हो ।

गत वर्षको तुलनामा सर्लाही र रौतहटमा उखुखेती कम भएको छ । उखुखेती घटेको भएपनि दुईवटा बाली भित्र्याउन किसानहरूले कौडीको मूल्यमा उखु बेच्न थालेका हुन् । समनपुरकै अर्का किसान रवीन्द्र सहनीले अहिलेसम्म आठ कट्ठा खेतको उखु क्रसर उद्योगलाई बेचिसकेको बताउँदै उखु बेचेर आएको पैसाले छठ पर्व मनाउन पुगेको बताएका छन् । चाडबाडको समयमा उखु बेचेर वर्षको सबैभन्दा ठूलो चाड मान्न पनि पाएको र रबी बाली लगाउन हातमा पैसा पनि आएको बताएका छन् ।

रौतहटको सुन्दरपुर र समनपुरमा सख्खर उद्योगहरू सञ्चालनमा रहेका छन् । सुन्दरपुरमा सञ्चालित गढीमाई क्रसर उद्योगका सञ्चालक कृष्णानन्दन

(बाँकी पाँचौं पातामा)

## बारको आन्दोलन न्यायाधीश सुदृढीकरणको लागि होइन -उपाध्यक्ष सिंह

प्रस, रौतहट, १० मङ्सिर/

नेपाल बार एशोसिएशनका उपाध्यक्ष रामचन्द्र सिंहले न्यायाधीश सुदृढीकरणका लागि नभई कानून व्यवसायी तथा बिचौलियाविरुद्ध अहिलेको आन्दोलन भएको बताएका छन् ।





पर्सा, बारा, रौतहट र उच्च अदालत वीरगंज इजलासको संयुक्त आयोजनामा जारी चार दिने आन्दोलनको अन्तिम दिन शुक्रवार नेपाल बार एशोसिएशन, रौतहटको आयोजनामा जिल्ला अदालत गौरमा आयोजित विरोधसभामा बोल्दै उपाध्यक्ष सिंहले न्यायाधीश सुदृढीकरण भए बेइमान कानून व्यवसायी र बिचौलिया आफैं समाप्त भएर जाने बताए । उनले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरामाथि १७ वटा आरोप लगेको र सो सच्याउनको लागि बार एशोसिएशनले बारम्बार ताकेता गर्दै आए पनि प्रधानन्यायाधीशले कुनै वास्ता नगरेको कारण आन्दोलन गर्न बाध्य भएको बताए ।

उपाध्यक्ष सिंहले कानून व्यवसायीहरूले अदालत परिसरभित्र आन्दोलन गर्दै आए पनि प्रधानन्यायाधीशले न्यायपालिकालाई निकास र आफूले राजीनामा नदिएका कारण जारी आन्दोलन अदालतबाहिर गएको प्रस्ट्याए । उनले स्वच्छ न्यायको सुनवाइ जिल्लादेखि सर्वोच्च अदालतसम्म नभइरहेको र यसमा बिचौलिया तथा खरीद–बिक्रीको आधारमा फैसला हुने गरेकाले देशभरका २० हजार कानून व्यवसायी आन्दोलित भएको बताए ।

रौतहट बारका अध्यक्ष राजाराम यादवको अध्यक्षतामा भएको विरोधसभामा उच्च अदालत बार एशोसिएशन वीरगंज इजलासका अध्यक्ष प्रमोद साह, पूर्वअध्यक्ष सुधीर कर्ण, नेपाल बारका पूर्वउपाध्यक्ष विनय सिंह, सेराजुल अन्सारी, बारा बारका अध्यक्ष सन्तोषकुमार गुप्ता, पर्साका अध्यक्ष ओमप्रकाश गुप्ता, कानून व्यवसायी शान्ति सुवेदी, नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्ष प्रेमचन्द्र झालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## झोलुङ्गे पुल निर्माणमा ट्याक्टर र टङ्की दुरुपयोग

प्रस, परवानीपुर, १० मङ्सिर/

पर्साको सबैया साझेदारी वन व्यवस्थापन समूहको ट्याक्टर तथा पानी ओसार्ने टङ्कीको दुरुपयोग भएको छ । वीरगंज–१८ भवानीपुरमा निर्माण भइरहेको झोलुङ्गे पुल निर्माण कार्यमा यी सवारीसाधनको दुरुपयोग भएको गाउँलेहरूले बताएका छन् । पुल निर्माण गर्ने उपभोक्ता समिति र सबैया साझेदारी व्यवस्थापन समूहकै अध्यक्ष एउटै व्यक्ति भएकाले यस्तो कार्य भइरहेको हो । सबैयाका अध्यक्ष लखनलाल साह कानूको सेटिङमा एउटा संस्थाका सामान अर्को काममा प्रयोग हुनु दुःखद भएको बताइएको छ । “निर्माण कार्यबाट पैसा बचाउन र सबैयाको डिजेल खर्च, गाडी







तस्वीरः प्रतीक

तथा टङ्की दुरुपयोग भइरहेको छ,” भवानीपुरका एक बासिन्दाले भने, “सबैया वन व्यवस्थापन समूहका पदाधिकारीहरूले उनीमाथि कारबाई गर्नुपर्छ ।” पुलको पाया ढलान गर्ने काममा ट्याक्टर र टङ्कीको प्रयोग भइरहेको छ । यस विषयमा सबैयाका अध्यक्ष लखनलाल साह कानूसँग सोध्दा उनले श्रीसिया खोलाको पानी गुणस्तरीय नभएकोले सामाजिक काम भनेर समूहको गाडी र उपकरणले काम गराएको स्वीकार गरे । “सामाजिक काम जस्तै हो, त्यसैले काम गराइरहेको छु,” उनले भने ।

एडिबी र स्वीस सरकारको अनुदानमा हेल्भेटास नेपालले बहु वर्षे योजना अन्तर्गत निर्माण गराइरहेको उक्त पुल गत आव २०७६/७७ कै योजना हो । गत एक वर्षदेखि निर्माण कार्य शुरू भएको योजना आगामी डेढ महीनामैं

(बाँकी अन्तिम पातामा)

हार्दिक श्रद्धाञ्जलि



स्व. सुखारी ठाकुर

जन्म
२०१७/०३/२१

मृत्यु
२०७८/०७/२९

यस विद्यालयका भूपू प्रधानाध्यापक **सुखारी ठाकुर**को निधन भएको आज १३औं दिनको पुण्यतिथिमा भगवान् श्री पशुपतिनाथसँग मृतात्माको शान्तिको लागि प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

**नेपाल राष्ट्रिय सीताराम महतो मावि**
बहुदरमाई नपा-५, भौराटार परिवार

## महावाणिज्य दूतावासले भारतीय संविधान दिवस मनायो



प्रस, वीरगंज, १० मङ्सिर/

भारतीय संविधान दिवस वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको कार्यालयले कार्यक्रम आयोजना गरी मनाएको छ ।

कार्यक्रममा महावाणिज्यदूत नितेश कुमारले आगन्तुकहरूलाई स्वागत गर्दै भारतको संविधानका बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा डा अनिलकुमार सिन्हा, साहु विचार मञ्च रक्सौलका अध्यक्ष सुरेश कुमार, वीरगंज कलेजका प्रिन्सिपल विनोद गुप्ता, कानून व्यावसायी पन्नालाल गुप्ता, प्राध्यापक मोनिका सिंहले भारतीय संविधानको बारेमा चर्चा गरेका थिए भने प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा, कानून व्यवसायी रामेश्वर सेढाईं र प्राध्यापक लक्ष्मी कर्णले नेपाल र भारतको संविधानका बारेमा चर्चा गरेका थिए ।

कार्यक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संविधान दिवसको अवसरमा दिएको भाषणको प्रत्यक्ष प्रसारण देखाउनुका साथै संविधान दिवसबारे तयार पारिएको वृत्तचित्र पनि देखाइएको थियो ।

कार्यक्रममा वाणिज्यदूत शैलेन्द्र कुमारले धन्यवाद र अर्का वाणिज्यदूत शशिभूषण कुमारले सहजीकरण गरेका थिए ।

लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

**क्रोधलाई शान्तिले जीत, अभिमानलाई नम्रताले जीत, मायालाई सरलताले र सन्तोषले लोभलाई जित्नुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# अनि महिला हिंसा कम हुन्छ ?

**अङ्ग्रेजी वर्षको नोभेम्बर २५ तारिखमा मनाइने महिला हिंसाविरुद्ध अन्तर्राष्ट्रिय दिवस यस वर्ष पनि विविध कार्यक्रमको आयोजना गरी मनाईंदैछ । अन्य अन्तर्राष्ट्रिय दिवसजस्तै यो दिवस एक दिन मनाएर सकिंदैन र अहिले १६ दिनसम्म मनाइन्छ। जबकि यो वर्षभरि मनाइनुपर्ने हो । कुनै पनि दिवस मनाउनुपछाडि त्यसको सार्थकता वर्षैभरि रहने मानिन्छ। महिला हिंसा मात्र होइन, कुनै पनि किसिमका हिंसा कसैमाथि पनि हुनुहुँदैन भन्ने विश्वव्यापी मान्यता नै छ। नेपालमा प्रत्येक वर्ष महिला हिंसाविरुद्ध दिवस मनाइरहँदा सोही बखतमा अत्यधिक महिला हिंसा, खासगरी बलात्कारजस्तो जघन्य अपराध हुने गरेको पाइएको छ। यस्तो किन हुन्छ भनेर अहिलेसम्म कसैले अनुसन्धान गरेको छैन। अनुसन्धान नभए पनि यसको पछाडि केही कारण अवश्य पनि छन् । पुरुष हैकमवादी सोचले पनि बलात्कार जस्ता जघन्य घटना बढ्नुमा मलजल गरेको छ। तर यसको मुख्य कारण भने दण्डहीनता नै हो भन्ने कुरालाई नकार्न भने सकिन्न । घटना लगत्तै पीडितले न्याय पाउने संयन्त्रको विकास हाम्रो देशमा छैन। गम्भीर प्रकृतिका घटनामा पीडितले समयमा न्याय पाउन नसक्नुले पीडकको मनोबल बढेको र यस प्रकारका घटनाहरू एकपछि अर्को बढ्दै गएको सत्य पनि हो ।**

**समाजमा नैतिकताको परिभाषा नै फेरिएको जस्तो भान हुन थालेको छ । नैतिकता निर्बल वा पीडितलाई न्याय दिलाउनु होइन, पीडितलाई थप पीडा दिनु र पीडकलाई सहयोग गर्नु हो भन्ने मानसिकता विकसित भएको छ। यस्तो हुनुमा अहिलेको राजनीति मुख्य दोषी हुन सक्छ । किनभने अहिलेको हाम्रो राजनीति यति महँगो भएको छ कि कुनै पनि अनाचारीलाई साथ दिएर निर्वाचनमा उसको मतमाथि निश्शुल्क अधिकारप्राप्त गर्ने कुत्सित मानसिकता जनप्रतिनिधिहरूमा गाँठो परेर बसेको छ । पीडित निर्बल हुन्छ, उसले निर्वाचनमा साथ दिन सक्दैन भने त्यही अपराधी, बाहुबली, अनाचारी, दुराचारीहरू कुनै पनि स्तरमा उत्रेर साथ दिन्छन्। आजको राजनीतिलाई त्यस्तै साथ दिने मानिस चाहिएकाले उनीहरूलाई हिंसा गर्ने अघोषित लाइसेन्स प्राप्त भएको छ । यसको लागि समाज शिक्षित र समृद्ध हुन जरुरी छ। महिला हिंसा हाम्रो देशमा मात्र भइरहेको छैन। यो संसारभर हुँदै आएको छ। तर शिक्षा र समृद्धि प्राप्त देशमा यस प्रकारका घटना वृद्धि हुन सकेका छैनन्। कारण त्यहाँको चुस्त न्याय प्रक्रिया अनि यस्ता घटनाका दोषीहरूलाई कडा कानूनी व्यवस्था हुनु हो । यसो भन्दैमा हाम्रो देशमा महिला हिंसाविरुद्ध बनेका कानूनहरू कमजोर छन् भन्ने पनि होइन । कानून कडा छ र समयसाक्षेप संशोधन पनि हुने गरेको छ । कमी छ भने केवल कार्यान्वयन पक्ष। मौजुदा महिला हिंसाविरुद्धका कानूनलाई इमानदारीका साथ प्रयोगमा ल्याउने हो भने यस्ता घटनाहरू आगामी दिनमा न्यूनीकरण पनि हुन सक्छन् ।**

**उदाहरणका लागि मुस्कान तेजाब प्रहार प्रकरणलाई लिन सकिन्छ। २०७६ भदौ २१ गतेको घटनामा अहिलेसम्म सम्पूर्णरूपमा मुस्कानले न्याय नपाएको अवस्था छ। देश विदेशबाट घटनाको निन्दा भएको र व्यापकरूपमा जनदबाब रहेको यो घटनाका आरोपीहरूलाई समात्न समय लाग्यो। समातिएका आरोपीविरुद्ध पनि कठोर कानूनी सजाय भएन । केन्द्र, प्रदेश र स्थानीय सरकारले मुस्कान घटनाको निन्दा गरे उनलाई आर्थिक सहयोग पनि गरे तर यी देखावाका कामबाहेक उनको पीडा कम पार्ने काम भने गर्न सकेनन् । मुस्कान प्रकरण देखिएको घटना हो, [redacted]एका थुप्रै घटना समाजमा छन् ।**

# कोभिड-१९ महामारीबीच डेङ्गुको जोखिम

- मञ्चिता अर्याल भट्टराई

**पृष्ठभूमि**

सन् २०१९ को डिसेम्बर महीनादेखि शुरू भएको कोभिड-१९ महामारीले नेपाललगायत विश्व नै आक्रान्त बनेको छ। यस परिस्थितिबाट पार पाउन हामी नेपाली प्रयत्नशील रहेका छौं । यस्तो अवस्थामा सधैं जस्तो गर्मीयाममा नेपालमा देखा पर्दै आएको डेङ्गु रोगको जोखिमलाई पनि हामीले बिर्सनुहुँदैन । लामखुट्टेबाट लाग्ने यस रोगबाट बच्ने उपाय तथा सावधानीहरू अपनाएर नै डेङ्गु लाग्नबाट बच्न सकिन्छ ।

**डेङ्गु रोग के हो त ?**

लामखुट्टेसँग हाम्रो जम्काभेट प्रायः गर्मीको मौसममा हुने गर्दछ। यो मौसममा हामी सबैलाई लामखुट्टेले दुःख दिइरहेको हुन्छ। लामखुट्टेका प्रजातिहरू एनोफिलिस, क्युलेक्स र एडिज जातका लामखुट्टे औलो, हात्तीपाइले, जापानिज इन्सेफ्लाइटिस, चिकुनगुनिया जस्ता प्राणघातक रोगहरू सार्ने प्रमुख माध्यमका रूपमा हाम्रा वरपर रहिआएका छन् । यस्तै, लामखुट्टेका विभिन्न प्रजातिमध्ये एडिज नामक जातिले डेङ्गु रोगग्रस्त अनि स्वस्थ्य मानिसलाई क्रमशः टोकेर विषाणु सार्नाले डेङ्गु रोग लाग्दछ। यो एक प्राणघातक रोग हो र यसका विरुद्धमा खोप पनि पत्ता लागिसकेको छैन । डेङ्गु रोगको विषाणु फ्लाभिभाइरस जातिको फ्लाभिभाइरिडी परिवारमा पर्ने विषाणु हो ।

**नेपालमा डेङ्गुको अवस्था**

विश्व स्वास्थ्य सङ्गठनले गरेको सर्वेक्षण अनुसार विश्वभरिका १०० भन्दा बढी देशहरूमा देखिएको डेङ्गुले बर्सेनि हजारौंको सङ्ख्यामा मानिसको मृत्यु हुने गरेको देखिन्छ । बितेका दशकमा हेर्दा यस रोगको प्रकोपबाट एशियाली मुलुकहरू जस्तै भारत, माल्दिभ्स, बङ्गलादेश, पाकिस्तान आदि बढी प्रभावित छन् ।

डा वासुदेव पाण्डे तथा अन्य अनुसन्धानकर्ताहरूद्वारा गरिएको एक अध्ययन अनुसार नेपालमा पहिलोपटक सन् २००४ मा डेङ्गु ज्वरोका बिरामीहरू पाइएका थिए। यसपछि सन् २००६ को अगस्तदेखि नोभेम्बरसम्म तराईका चारवटा मुख्य अस्पताल नेपालगंज मेडिकल कलेज, भेरी अञ्चल अस्पताल, त्रिभुवन अस्पताल दाङ तथा नारायणी अञ्चल अस्पताल वीरगंजमा डेङ्गुका बिरामीहरू पाइए । सन् २००६ मा नै तराईका सीमावर्ती पाँच प्रमुख शहरहरू विराटनगर, वीरगंज, भरतपुर, तुलसीपुर र नेपालगंजमा गरी कुल १४० डेङ्गु ज्वरोका बिरामीहरू पाइए । पुनः सन् २०१० मा महामारीकै रूपमा चितवनमा देखा परेको डेङ्गु वर्षैपिच्छे बढ्दै गएर तराईका १२ भन्दा बढी जिल्लामा देखा परेको थियो। त्यसैगरी, विसं २०७६ मा नेपालको पूर्वी शहर धरानबाट शुरू भएको डेङ्गु सातवटै प्रदेशका करीब ५० वटा जिल्लामा फैलिएको थियो । त्यति बेला राजधानी काठमाडौंका विभिन्न स्थानमा समेत डेङ्गु ज्वरोका बिरामी देखा परेका थिए ।

**डेङ्गु ज्वरो के ले फैलाउँछ त ?**

डेङ्गु ज्वरो फैलाउने माध्यमका रूपमा क्युलिसिडि परिवारको, एडिज जाति र स्टेगोमाइया उपजातिका लामखुट्टेका मूलतः दुई मुख्य प्रजाति एडिज एजेप्टाई र एडिज एल्बोपिक्टस रहेको देखिन्छ । नेपालमा एडिज अल्बोपिक्टस सर्वप्रथम सन् १९५६ मा पिटर र डेवरले भेटेका हुन् । रिचर्ड डार्सी र श्रीधर प्रधानका अनुसार एडिज जातिका ५४ प्रजाति नेपालमा त्यस समयमा पाइन्थ्यो। तर एजेप्टाई प्रजाति भने पत्ता लागेको थिएन । विश्व स्वास्थ्य सङ्गठनले सन् २००६ मा गरेको एक सर्वेक्षणका क्रममा तराईका पाँच प्रमुख शहर विराटनगर, वीरगंज, भरतपुर, तुलसीपुर र नेपालगंजमा एडिज एजेप्टाई प्रजातिको लामखुट्टे भेटियो। काठमाडौं जिल्ला वा उपत्यकामा एडिज अल्बोपिक्टस पहिले नै पत्ता लागिसकेको भएपनि एडिज एजेप्टाई प्रजाति भने भेटिएको थिएन र यसका बारेमा अध्ययन पनि भएका थिएनन् ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को अनुसन्धान वृत्तिमा प्रमुख अनुसन्धानकर्ता डा ईशान गौतम तथा अनुसन्धानकर्ताहरू मेघनाथ धिमाल, शम्भुराज श्रेष्ठ र प्राडा आनन्दशोभा ताम्राकारद्वारा गरिएको अनुसन्धानले काठमाडौं जिल्लाबाट पहिलोपटक सन् २००९ को जुन महीनामा एडिज एजेप्टाई प्रजातिको लामखुट्टे रेकर्ड गर्‍यो। अनि डा गौतमकै नेतृत्वको उक्त अनुसन्धान समूहले सन् २००९ को जुलाई महीनामा ललितपुर जिल्लामा पनि एडिज एजेप्टाई प्रजातिको लामखुट्टे भेट्यो। दुवै जिल्लामा फ्याँकिएका टायरमा उक्त प्रजातिका लार्भा भेटिएका थिए ।

सवारीसाधनको निकै धेरै चाप रहेको काठमाडौं र ललितपुर जिल्लामा बढ्दो शहरीकरण, जलवायु परिवर्तन जस्ता कारणले पनि एडिज लामखुट्टेको सङ्ख्या बढ्दै जाने कुरामा कुनै द्विविधा छैन । दिन प्रतिदिन थुप्रिरहेका, फ्याँकिएका टायर राम्रो प्रजनन स्थान बनिरहेकाले यस एडिज जातिका लामखुट्टे र पानीमा तिनका लार्भाहरू भेटिने क्रम निकै बढ्दो छ। विभिन्न किसिमका पानी जम्ने भाँडा जस्तै प्लास्टिक, फलामका कन्टेनर, ड्रम, टिनका बट्टा, फ्याँकिएका टायर, रूखका टोडका आदिमा पानी परेका बेला पानी जम्मा हुन्छ र एडिज लामखुट्टेका यी प्रजातिका पोथीले त्यस्ता स्थानमा फूल पार्ने हुनाले लार्भाका लागि राम्रो प्रजनन स्थान बन्दछ । एडिज एजेप्टाई व्यस्त बजार, मानिसहरूको घरेलु वातावरण, बसोबास नजीक रहेको पानीका कृत्रिम भाँडा वा कन्टेनरहरूमा पाइन्छ भने एडिज अल्बोपिक्टसले भने प्राकृतिक र कृत्रिम दुवै किसिमका स्थानमा फूल पार्ने गरेको पाइएको छ । एडिज एजेप्टाईले घर, बगैंचाभित्रका पानी जमेका ठाउँहरूमा फूल पार्न मन पराउँछ भने एडिज अल्बोपिक्टसले घरबाहिर खुला झाडी रहेका ठाउँका कन्टेनरहरूमा फूल पार्न रुचाउँछ । घरभित्र लामखुट्टे मार्ने विषादीहरू बढी प्रयोग गरिने भएकाले एडिज एजेप्टाईले पनि घरबाहिरकै कन्टेनरहरूमा फूल पार्न थालेको हो, जसले गर्दा यी दुई प्रजातिबीच कडा प्रतिस्पर्धा हुने गर्छ भन्ने वैज्ञानिकहरूको कथन छ ।

डेङ्गु ज्वरोको रोकथामका लागि अहिलेसम्म कुनै खोप पत्ता नलागेकाले रोग लाग्न नदिनु नै उचित हुन्छ। तसर्थ डेङ्गुको रोकथामको लागि सकेसम्म एडिज लामखुट्टेको बासस्थान निर्मूल गर्नुपर्छ, नभए कीटनाशक विषादीको प्रयोगद्वारा यस लामखुट्टेको रोकथाम गर्न सकिन्छ। यस कामका लागि सर्वप्रथम त यसको प्रजनन स्थानका बारेमा पूर्ण जानकारी हासिल गर्नुपर्दछ ।

विश्वव्यापीरूपमा भइरहेको वातावरणीय प्रदूषण र जलवायु परिवर्तन तथा सडक यातायात साधनको वृद्धि सँगसँगै भित्रिएका अनगिन्ती काम नलाग्ने टायर, कन्टेनर आदिको उचित व्यवस्थापन हुन नसक्नु यस डेङ्गु रोगका वाहक लामखुट्टेका मूलतः दुई मुख्य प्रजाति एडिज एजेप्टाई र एडिज अल्बोपिक्टसको बासस्थान बन्ने प्रमुख कारक हो। घरेलु, कृषि र अन्य प्रयोजनका लागि पानीको सङ्कलन गर्ने बानीले पनि यसका लार्भाका लागि उपयुक्त वासस्थानको निर्माण गर्दछ।

डेङ्गु रोगका वाहक लामखुट्टे वृद्धिको रोकथामका लागि स्थानीय बासिन्दाहरूको सहयोग अति आवश्यक छ । त्यसका लागि सर्वप्रथम काठमाडौं उपत्यकामा एडिज लामखुट्टेका कृत्रिम र प्राकृतिक प्रजनन स्थानहरूको विस्तृत अध्ययन, डेङ्गु रोगका बारेमा जनताको ज्ञान र चेतनाको स्तर निर्धारण गरी स्थानीय मानिसहरूको सहयोगमा त्यस विषयमा, तिनको निर्मूलीकरणका बारेमा विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेर डेङ्गु ज्वरो सार्ने लामखुट्टे एडिज एजेप्टाई र एडिज अल्बोपिक्टसको रोकथाम गर्न सकिन्छ । नेपालमा एडिज लामखुट्टेको लार्भाका प्रजनन स्थान निर्मूल पार्ने खालका कुनै कार्यक्रमहरू नहुने गरेकाले स्थानीय मानिसहरूलाई नै यसमा संलग्न गराएर र उनीहरूको जनचेतना अभिवृद्धि गरेर लार्भा नियन्त्रण अभियान चलाउन सकियो भने यो डेङ्गु नियन्त्रणका दिशामा ठूलो उपलब्धि हासिल हुनेछ । लामखुट्टे नष्ट गर्न वातावरणीय र मानव स्वास्थ्यका दृष्टिले विषादी छर्नु मात्र पनि उचित नभएकाले सरसफाइमा ध्यान पुर्‍याउनु, घर वरपर पानी जम्न नदिनुलगायत लार्भाका उचित प्रजनन स्थानहरू बन्न नदिनु जस्ता विभिन्न कुरातर्फ पनि ध्यान दिनुपर्छ ।

त्यसैले सबैले आआफ्नो तहबाट सोचेर डेङ्गु रोग र यसका वाहक लामखुट्टेविरुद्ध ठोस कदम चाल्नु आजको आवश्यकता हो । अनुसन्धानकर्ता डा ईशान गौतमले काठमाडौं र ललितपुर जिल्लामा डेङ्गु सार्ने प्रजाति लामखुट्टे एडिज एजेप्टाईको अस्तित्त्वको खोज गरेपछि अघि भनेजस्तै तिनका प्रजनन स्थानहरूलगायत अन्य पाटाहरूको पनि विस्तृत र निरन्तर अध्ययन-अनुसन्धानको खाँचो छ। अन्त्यमा यस रोगविरुद्ध बेलैमा सचेत भई भविष्यमा निम्तिन सक्ने खतराबाट हामी सबै जोगिन सक्छौं भन्ने भावना जनमानसमा जगाउन आवश्यक देखिन्छ ।

वैज्ञानिक अधिकृत
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)

# प्रदेश नं २ राजधानी टुङ्गिने सम्भावना, नामकरणमा आशङ्का

जनकपुर, १० मङ्सिर/रासस

प्रदेश नं २ सभाको अधिवेशन मङ्सिर २९ गतेका लागि आह्वान भएसँगै प्रदेशको स्थायी राजधानी र नामकरण विषयमा पुनः बहस र छलफल शुरू भएको छ ।

प्रदेशको नाम र राजधानी विषयमा प्रदेशसभाको दुई तिहाइले निर्णय गर्नुपर्ने संवैधानिक व्यवस्था छ तर प्रदेश नं २ सभामा प्रतिनिधित्व गर्ने कुनै पनि दलसँग दुई तिहाइ बहुमत नहुँदा दलीय सहमतिकै आधारमा राजधानी र नामकरण विषय टुङ्गो लगाउनुपर्ने बाध्यात्मक अवस्था छ।

प्रदेशको राजधानी जनकपुरलाई नै कायम गर्नुपर्ने पक्षमा प्रायः सबै दलका प्रदेशसभा सदस्य एक मत देखिए पनि प्रदेश नामकरणको विषयमा सबै दलको आआफ्नै अडान छ । त्यसैले प्रदेशको राजधानीको विषय प्रदेशसभाबाट पारित हुने सम्भावना रहे पनि प्रदेश नामकरणको विषय टुङ्ग्याउन सहज नरहेको जानकारहरू बताउँछन् ।

"प्रदेशको राजधानी जनकपुर नै राख्नेमा करीब-करीब सबै प्रदेशसभा सदस्यको एक मत नै रहेको देखिन्छ," जनता समाजवादी पार्टी (जसपा)का नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भने, "त्यसैले अबको प्रदेशसभाको बैठकबाट प्रदेशको राजधानी टुङ्गो लाग्ने सम्भावना छ ।" राजधानीको विषयमा दुई/तीन जना सदस्यबाहेक सबै जनकपुरमैं राजधानी राख्न सहमत रहेको उनको भनाइ छ ।

यसअघि २०७७ चैत ५ गते प्रदेश नं २ को राजधानी र नामकरणको विषयमा प्रदेशसभामा मतदान भएको थियो। त्यति बेलै प्रदेशको राजधानी जनकपुर राख्ने विषयमा सहमति नजीक पुगेका राजनीति दलहरूबीच नामकरणमा सहमति नभएपछि मतदान प्रक्रियाबाटै दुवै विषय टुङ्ग्याउने भन्दै मतदान गरेका थिए ।

त्यतिखेर दुई तिहाइ बहुमत नपुगेपछि राजधानी र नामकरणको प्रस्तावसमेत पारित हुन असफल भएको थियो । "उतिबेलै प्रदेशको राजधानी जनकपुर राख्ने विषयमा सबै दलबीच सहमति भएको थियो," नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता एवं प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले भने, "तर सभामुखले कार्यतालिकामा हेरफेर गरेकाले प्रदेशको नामकरणसँगै राजधानीको प्रस्तावसमेत असफल भयो ।"

"दलहरूबीच सहमति भइसकेकाले पहिला राजधानीसम्बन्धी प्रस्तावलाई पेस गर्ने र पछि नामकरणको प्रस्ताव प्रस्तुत गर्ने कार्यतालिकामा सहमति भएको थियो," मन्त्री साहले भने, "तर सभामुखले त्यसको उल्टो पहिला नामकरणको प्रस्ताव प्रस्तुत गर्नुभयो, दोस्रोमा राजधानीको प्रस्ताव पेस गर्नुभयो ।" जसका कारण न त नामकरणको विषय टुङ्गियो, न त राजधानी नै, उनको भनाइ थियो ।

अब बस्ने प्रदेशसभाको बैठकबाट प्रदेशको राजधानीबारे टुङ्गो लाग्ने सम्भावना रहेको नेकपा (एकीकृत समाजवादी)का प्रदेशसभा सदस्य गोविन्दबहादुर न्यौपानेले विश्वास व्यक्त गरे। "शुरूमा वीरगंजमा राजधानी माग गर्दै आन्दोलन भएपनि अहिले जनकपुर नै कायम राख्नुपर्नेमा प्रदेशका अधिकांश जिल्लावासीको भावना छ," उनले भने, "शुरूमा कसैले जनकपुरलाई मात्र राजधानी बनाउनुपर्ने, कतिपयले ढल्केबरसम्मलाई राजधानी बनाउनुपर्ने त कतिपयले वीरगंजलाई राजधानी बनाउनुपर्ने भनिरहेका थिए।" तर अहिले जनकपुर राख्ने विषयमा खासै कसैको विरोध नरहेकाले जनकपुर नै राजधानी हुने प्रस्ताव पारित हुने उनको दाबी छ।

धार्मिक, सांस्कृतिक, पौराणिक, भौगोलिक तथा भौतिक संरचनाका हिसाबले प्रदेशको राजधानी 'जनकपुर' उपयुक्त हुनेमा अधिकांश दलबीच एक मत देखिएकाले राजधानीको विषय टुङ्गो लाग्ने धेरैको विश्वास छ। राजधानीको प्रस्ताव पारित हुनेमा विश्वस्त रहेका दलका नेता तथा प्रदेशसभा सदस्यहरू प्रदेश नामकरणको विषय पारित हुनेमा भने सशङ्कित छन् ।

प्रदेश नं २ मा जसपा, नेपाली काङ्ग्रेस, नेकपा (एकीकृत समाजवादी) र नेकपा माओवादी केन्द्रको चार दलीय गठबन्धनको सरकार छ । तर प्रदेश राजधानीको विषयमा गठबन्धनभित्र एकमत देखिए पनि नामकरणको विषयमा भने फरक मत छन् । जसका कारण ठोस सहमति नभएसम्म नामकरणको विषय टुङ्गो लाग्ने सम्भावना नरहेको जानकारहरूको भनाइ छ। १०७ सदस्यीय प्रदेशसभामा अहिले जसपाका ३९, नेपाली काङ्ग्रेसका १९, लोकतान्त्रिक समाजवादीका १६, नेकपा (एकीकृत समाजवादी)का १३, नेकपा एमालेका आठ र नेकपा माओवादी केन्द्रका सातजना सदस्य रहेका छन् ।

प्रदेश नं २ मा चार दलीय गठबन्धनसँग ७८ प्रदेशसभा सदस्य छन्। "गठबन्धनसँग प्रदेशसभामा रहेका सदस्य सङ्ख्यालाई हेर्दा प्रस्ताव पारित गर्न दुई

(बाँकी पाँचौं पातामा)

[redacted]र्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ २०७८ मङ्सिर ११ गते शनिवार 2021 November 27 Saturday



# उत्सव अनाथहरूसित

अनाथ भनेका त ती हुन्, जसका कोही पनि छैनन्। जसका कोही हुँदैनन्, तिनका लागि भगवान् हुन्छ भन्ने गरिन्छ।

**स्वान्तः सुखाय**



सञ्जय मित्र
mitrasanjay41@gmail.com

**आफू रमाउने, आफ्नोलागि अरूले रमाइदिने, आफू अर्काको लागि रमाइदिने, अर्काको लागि रमाउँदा ऊ पनि रमाउने र अरू रमाएको देखेर आफूलाई पनि खुशी लाग्ने जस्ता कुराहरू एकापसमा गाँसिएका भएपनि अलग-अलग हुन्।**

यस अर्थमा अनाथहरूको सेवा गर्ने जो कोही छन् ती भगवान् हुन्।

मैले हरेक भगवान्लाई यसै अर्थमा सम्मान गर्ने गरेको छु। भगवान् भनेपछि मेरो मनभित्रको शिर यसै अर्थमा झुक्ने गरेको छ। किन कोही भगवान् भए भन्ने कुराको यथार्थ हेर्दै र बुझ्दै जाने हो भने आफ्नो समयमा तिनले समाजका लागि, असहायका लागि वा पीडितका लागि निकै सकारात्मक काम गरे, आफ्नो स्वार्थ हेरेनन्, वैयक्तिक सुख र सम्पत्तिको लागि मात्र गरेनन् भन्ने नै पाइन्छन्। यदि अहिले पनि कोही यसरी गरिरहेका छन् भने ती श्रद्धेय छन्, सम्मान्य छन्।

म यो पनि भन्दिनँ कि सबै मानिस भगवान् नै बनून् तर केही समयको लागि भगवान् बनिदिन सकिन्छ। यदि कोही मानिस कुनै ठाउँमा कुनै कारणले आफ्नो मूल भूमिका छाडेर केही समयको लागि नै अर्को भूमिका खेल्नुपर्ने हुन्छ भने त्यस भूमिकामा देख्नेको नजरमा ऊ केही समयकै लागि किन सही नहोओस् तर त्यसकै प्रतिरूप देख्न पुग्दछ। उदाहरणको लागि कुनै नाटकमा कुनै साधुले चोरको भूमिका खेल्यो वा कुनै डाँकूले कुनै भगवान्को भूमिका सफलतापूर्वक निर्वाह गर्न पुग्यो भने साधुलाई देख्दा एक छिन चोरको प्रतिरूप मनमा उब्जिने र डाँकूलाई देख्दा एक छिन भगवान्को प्रतिरूप मनमा उब्जन्छ। यदि अनाथहरूका लागि एक छिन खुशी दिन सक्यौं भने त्यस खुशीका वा मुस्कानका मालिक कहलाउन सक्छौं।

मैले देखेको छु अनुहारमा नक्कली मुस्कान तर हृदयमा अनगिन्ती प्रफुल्लित गुलाफहरू। कसैले केही दिंदा अनाथहरूलाई प्रिय नलाग्ने वा आफूलाई नहुँदा पनि हुने कुरा कसैबाट पाउँदा अनाथहरूको ओठमा मुस्कान हुन्छ। त्यो मुस्कान यस कारण हुन्छ कि दाताको मनमा असन्तोष नहोओस्। दाताले सन्तुष्टि पाऊन्। दाता फेरि पनि कुनै अवसर पारेर अर्कोपटक आऊन्। दाताको मनमा, मनोविज्ञानमा, मस्तिष्कमा र हृदयमा स्नेह, सहानुभूति, प्रेमको आलोक बलिरहोस्, जसले आफूहरू आलोकित भइरहूँ, भइरहौं। ओठमा देखावटी मुस्कान छरे पनि दाता आफूलाई केही दिए भन्ने प्रफुल्लताले हृदयकमल पल्लवित भएको हुन्छ। यो कुनै अद्वैतवाद होइन।

एउटा साधारण मानिसको लागि हुने विशेष दिनलाई नै उत्सव भन्न सकिन्छ। सामाजिक, सांस्कृतिक तथा राजनीतिक उत्सवहरू पनि छन्। यस्ता सामाजिक, सांस्कृतिक तथा राजनीतिक उत्सवहरूलाई पनि अनाथहरूका लागि विशेष बनाउन सकिन्छ। अनाथहरूले यस प्रकारका उत्सवहरूबाट पनि कतिपय कुरा पाउन सक्छन्। यस्ता उत्सवहरूको महत्त्व बुझ्न सक्छन्। धार्मिक उत्सवहरूका बारेमा त समाजका अधिकांश व्यक्ति वा व्यक्तित्व पूर्व जानकार हुन्छन् र यस प्रकारका उत्सवमा अनाथहरूसित रमाउँदा पुण्यको प्राप्ति हुन्छ भन्ने विश्वास धेरैमा रहेको छ। यस विश्वासले पनि अनाथहरूको अनुहारमा चमक ल्याउँछ।

व्यक्ति विशेषको उत्सवको दिन भनेर सामान्यतया एउटा क्रममा चल्ने जन्म दिवस र विवाह दिवस हुन्। यसैगरी, कुनै विशेष उपलब्धि प्राप्त गरेको अवसर पनि हो वा हुन सक्छ। विशिष्ट उपलब्धि प्राप्त गरेको दिनलाई साथीभाइसित बसेर रमाइलो गर्ने प्रचलनको विकास त भइसकेको छ। यसले यदि सामाजिक विकृति ल्याउँदैन भने यसलाई पनि सकारात्मक मान्न सकिन्छ। उपलब्धिको समयमा रमाउने प्रचलन पहिलेदेखि नै रहेको छ।

आफू रमाउने, आफ्नोलागि अरूले रमाइदिने, आफू अर्काको लागि रमाइदिने, अर्काको लागि रमाउँदा ऊ पनि रमाउने र अरू रमाएको देखेर आफूलाई पनि खुशी लाग्ने जस्ता कुराहरू एकापसमा गाँसिएका भएपनि अलग-अलग हुन्। हामी अर्काको लागि रमाउनुपर्छ भन्नुको अर्थ यो कदापि होइन कि अर्काको लागि जसको लागि रमाइरहेका छौं, उनलाई थाहै नदिई रमाइरहेका होऔं। यसले त रमाउनुको पनि सीमा निर्धारण गर्दछ। यद्यपि देवकोटाले भनेका छन् कि वास्तविक खुशी त आफूलाई मिटाएर अरूलाई दिनुमा छ तर हरेक परिस्थितिमा यो लागू नहुन सक्छ। आफूलाई मिटाएर अरूलाई खुशी बनाउने कुरो अहिले त्यत्ति समय सान्दर्भिक नहोला। यद्यपि यो सदैव असान्दर्भिक नै छ, सर्वत्र असान्दर्भिक नै छ भन्न खोजिएको भने पक्कै होइन।

आफू एक्लै रमाउनु पनि राम्रो हो। आफ्नो खुशीमा अरूलाई सामेल गराउन सक्नु झन् राम्रो हो। आफू खुशी हुनुपर्ने दिन अनाथहरूलाई खुशी पारेर आफ्नो खुशी बाँड्दा अझ धेरै अनुहारमा खुशी फलेको पाउनु कता हो कता धेरै गुणन बढी खुशी हुनु हो।

कतिपय खुशी एक छिनमा बिलाउन सक्छन्। खुशी भएर पिएको नशा ओर्लेपछि खुशी समाप्त हुन सक्छ। यस प्रकारको खुशीको सिमाना साँघुरो हुन्छ तर अनाथहरूसित केहीबेर मात्र पनि रमाउन पाउँदा वा आफ्नो खुशीमा अनाथहरूको ओठमा मुस्कान ल्याउन पाउँदाको क्षण कैयौं दिन वा महीना वा वर्षपछि जब सम्झना हुन्छ, तब आफ्नो हृदयमा त्यो खुशीको, खुशीको त्यो क्षणको र खुशीको त्यो कारणको स्मृतिले फेरि हृदय प्रफुल्लित बन्न पुग्दछ। मनमा प्राप्त हुने यस प्रकारको सन्तोषको अङ्कुरले जब उक्त क्षणको सम्झना हुन्छ, तब अलिकति त्यो अङ्कुरण अझ अङ्कुरित भएको अनुभूति हुन्छ। यथार्थमा अनाथहरूसित मनाइएको खुशी आफ्नो जीवनको यादगार पलहरूमा गनिन सक्छ। आफ्नोलागि सदैव सुखीको क्षण भनिन सक्छ।

कतिपय खुशी भएर सकिने हुन्छ र कतिपय खुशी निरन्तर बढ्ने हुन्छ। हराउने खुशीको महत्त्व हुँदैन खासै। कतिपय खुशी लुकाउने किसिमको हुन्छ भने कतिपय खुशी त यस्तो हुन्छ कि अहिले भएको खुशीले पछि पनि खुशी नै दिने हुन्छ। मानौं खुशी हुने वा बनाउने बोट मनको आँगनमा लगाएको हो। अनाथहरूसित रमाउने खुशीको बोट हो। यस खुशीको बोटमा जब फूल फुल्छ, तब राम्रो लाग्छ र जब फूलको वास्ना आउँछ, तब झन् मीठो आनन्द दिन्छ।

अनाथहरूसित वर्षमा एक दिन कम्तीमा सानो नै भएपनि खुशी हुन सिक्ने कि ? म यो कदापि भन्दिनँ कि समाजमा कोही अनाथ हुनु राम्रो हो। सकेसम्म कोही अनाथ नहोऊन् भन्ने हाम्रो सामाजिक अवस्था बन्न सके कति राम्रो हुन्थ्यो तर यदि कोही अनाथ छन् भने ती अनाथ पनि रमाउनुपर्दछ, फक्रनुपर्दछ र अनाथको जीवन पनि फुल्नुपर्दछ। अनाथको जीवनमा सहयोग गर्दछौं, तब तिनीहरू समाजमा एक्लो अनुभूति गर्दैनन्, जीवनवृत्तिको विकासमा गतिरोध उत्पन्न हुँदैन। हामीजस्तै ईश्वरका सुन्दर सिर्जना अनाथहरू पनि हुन्। ईश्वरका सुन्दर सिर्जनाहरू संरक्षणका हकदार हुन्छन्। संरक्षण गर्नमा हाम्रो भूमिका हुनुपर्दछ र हामी हाम्रो जीवनको विशेष दिनहरूमध्ये वर्षमा कुनै एक दिन अलिकति भएपनि

(बाँकी चौथो पातामा)



# निजी शिक्षालयहरूको मनपरी नियामक निकाय मूकदर्शक

'आबरा के मौगी, भर गाँव के भौजी' अर्थात् कमजोर व्यक्तिमाथि वर्चस्व स्थापित गर्ने प्रवृत्ति उपर यो भोजपुरी उखान उद्धृत गर्ने प्रचलन सदियौंदेखि छ।

**सरोकार**



राजेश मिश्र
rajesh560107@gmail.com

**निजी शैक्षिक संस्थाहरूमा मौलाइरहेको बेथिति केवल अभिभावकहरू जागरूक भएर निर्मूल हुँदैन। नागरिकहरूको जागरूकता तबसम्म सार्थक हुन सक्दैन, जबसम्म तीनै तहका जनप्रतिनिधि तथा शिक्षा क्षेत्रका कर्मचारीहरूको अनियमित साँठगाँठ निस्तेज हुँदैन।**

यो भोजपुरी उखान यहाँ उल्लेख गर्न किन सान्दर्भिक छ भने सरकारी विद्यालयका शिक्षकलाई देख्ने बित्तिकै आरोपको शृङ्खला शुरू हुन्छ। यद्यपि तिनै व्यक्तिका सन्तानहरू यदि निजी विद्यालयमा अध्ययनरत छन् भने शुल्क तिर्नेबाहेक कानूनी प्रावधान लागू भए नभएकोबारे चासो लिंदैनन्। चासो किन लिंदैनन् भने आम मानसिकतामा केवल सरकारी खोजीनिती गर्न पाइन्छ र निजीमा अधिकार छैन भन्ने मनोविज्ञानले जरा गाडेको छ। यहाँ सामुदायिक विद्यालयहरूको गतिविधि बेदाग छ भन्न खोजिएको होइन। भन्न के खोजिएको हो भने यदि तपाईंका छोराछोरी निजी विद्यालयमा अध्ययरत छन् भने तथ्यपरक विषय निसङ्कोच खोज्नुपर्छ। सरकारी विद्यालयमा शिक्षा ऐन लागू हुन्छ र निजीमा हुँदैन भन्ने मानसिकताबाट बाहिर आउनुपर्छ। निजी लगानीमा विद्यालय सञ्चालन गर्दैमा स्वेच्छाले वा मनपर्दो गर्ने कानूनी प्रावधान छैन। जस्तै भौतिक संरचना, पाठ्यक्रम, विद्यार्थी भर्ना, तालीमप्राप्त शिक्षक, तलब, विद्यालय व्यवस्थापन समिति गठन र सबै तहमा १० प्रतिशत छात्रवृत्ति प्रदान गर्नेलगायतका विविध कानूनी मूल्य-मान्यता स्वीकार गरेर नै निजी लगानीमा शैक्षिक संस्थाहरू खुलेका हुन्छन्।

निजी विद्यालयका सञ्चालकहरूसँग शिक्षा ऐनको कुरा नगर्ने प्रवृत्ति नै स्वेच्छाचारी बढ्नुको मूल कारण हो। शिक्षण शुल्क आदि विविध शुल्क कुन मापदण्डमा निर्धारण गरिएको हो ? शिक्षा सङ्काय पढेका अर्थात् तालीमप्राप्त शिक्षकहरू हुन् वा होइनन् ? कार्यरत शिक्षकसँग अध्यापन अनुमतिपत्र छ वा छैन ? रीतपूर्वक नियुक्त भएका शिक्षकहरू छन् वा छैनन् ? स्थायी शिक्षक कति छन् ? प्रतिशिक्षक कति विद्यार्थी पढ्छन् ? विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूमध्येबाट को को चुनिएका छन् ? अभिभावकहरूको सामूहिक भेलाबाट चुनिएका सदस्यहरू हुन् वा होइनन् ? अभिवाकहरूको भेला किन गराइँदैन ? आदि शिक्षा ऐनको मर्म अनुरूप प्रश्न गर्ने र जानकारी लिने अधिकार निजी विद्यालयमा छोराछोरीहरूलाई पढाइरहेका प्रत्येक अभिभावकको हकको विषय हो। त्यसैले निजी विद्यालयका सञ्चालकहरूसँग प्रश्न गर्ने आँट आम जनमानसमा हुनु आवश्यक छ।

निजी शैक्षिक संस्थाहरूमा मौलाइरहेको बेथिति केवल अभिभावकहरू जागरूक भएर निर्मूल हुँदैन। नागरिकहरूको जागरूकता तबसम्म सार्थक हुन सक्दैन, जबसम्म तीनै तहका जनप्रतिनिधि तथा शिक्षा क्षेत्रका कर्मचारीहरूको अनियमित साँठगाँठ निस्तेज हुँदैन। त्यसैले जनप्रतिनिधिहरू तथा शिक्षा क्षेत्रका कर्मचारीहरूलाई पनि खबरदारी गर्नु आवश्यक छ। बेथिति उपर कडा निगरानी गर्ने हो भने वास्तवमा ती निजी विद्यालयहरू मात्र अस्तित्वमा रहनेछन्, जो शिक्षा ऐनको मर्म अनुरूप काम गरिरहेका छन्। घरबाट 'भात' भन्दै निजी विद्यालयमा पढ्न गएका सन्तान 'राइस' भन्दै फर्किंदा मख्ख हुने अभिभावकको दायित्व त्यतिसम्म मात्र सीमित रहने हो भने शिक्षा ऐनको धज्जी सधैं उडिरहन्छ। निजी शिक्षालयहरूको रजाइँ फलीभूत भइरहन्छ।

यहाँ निजी शिक्षालय वा सञ्चालकहरूसँग कुनै अन्तरविरोध नभई उनीहरूको मनोमानी चरित्रमाथि प्रश्न उठाइएको हो। किनभने भविष्यका कर्णधार उत्पादन गर्ने सेवामूलक उद्देश्यका साथ सञ्चालन गर्ने अनुमति/स्वीकृति प्राप्त गरेका ती शिक्षालयहरूले शिक्षा ऐनको धज्जी उडाइरहेको कुरा जनस्तरमा प्रवाह हुनु नितान्त जरुरी छ। त्यहाँ काम गर्ने शिक्षकहरूको हालत बधुवा मजदूरभन्दा कम छैन। उनीहरू आफ्नो पीरमर्का राख्न स्वतन्त्र छैनन्। यसको कारण के हो भने अधिकांश: शिक्षा सङ्काय नपढेका तथा अध्यापन अनुमतिपत्र प्राप्त नगरेका शिक्षकहरूलाई मौखिकरूपमा नियुक्त गरिन्छ। रीतपूर्वक प्रक्रिया अवलम्बन नगरिने हुँदा लिखित नियुक्ति पाउने कुरै भएन। यस कारण ती शिक्षकहरू जति वर्ष काम गरे तापनि नियम खोज्ने, सङ्गठित हुने वा आवाज उठाउने कुरै आउँदैन।

शिक्षा क्षेत्रका जानकारहरूको कुरालाई मान्ने हो भने अनुमति/स्वीकृति लिने बेलामा जति कागजात पेस गरिएको हुन्छ, त्यसपछि अभिलेख अद्यावधिक भएको पाइँदैन। कक्षागत स्तरोन्नति वा अनिवार्य कामबाहेक शिक्षकको नियुक्ति, अवकाश, प्रचलित ऐन अनुसार शिक्षकको तलब तथा सेवासुविधा आदि अद्यावधिक भएको पाइँदैन। रु १० हजार तलब प्रदान गर्ने शिक्षकको नाममा सरकारी नियम अनुसार उल्लेख गरेको कागज तयार गरिन्छ। फर्जी हस्ताक्षर गरेको कागज अडिट गर्ने बेलामा पेस गरिन्छ। अनुमति लिने बेलामा प्रक्रिया पुऱ्याउनको लागि व्यवस्थापन समिति तथा शिक्षकको नियुक्ति आफ्नै परिवार तथा नातागोताका व्यक्तिहरूलाई राखेर फाइल तयार गरिन्छ। यसमा स्थलगत निरीक्षण गर्ने अधिकारीदेखि कार्यालयका उच्च पदाधिकारीसम्म प्रभावमा परेका हुन्छन्। अङ्ग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने उद्देश्यले उहिले अङ्कुरित भएको बीउ वर्तमान परिप्रेक्ष्यमा व्यावसायिकको रूपमा जरा गाडिसकेका छन्। अङ्ग्रेजी शिक्षाको नाममा शहरदेखि गाउँसम्म तथा पक्कीदेखि छाप्रोसम्मका भौतिक संरचनामा आधारित संस्थागत विद्यालयहरूको जगजगी छ। कतै विद्यालय कोठामा सीमित छ, कतै बालमैत्री/महिलामैत्री शौचालय छैन, कतै खेल्ने मैदान छैन, कतै रीतपूर्वक नियुक्त शिक्षक छैनन् र कतै मनपरी शुल्क छ। यद्यपि शिक्षा ऐनको मर्मविरुद्ध ती विद्यालयहरू कारबाहीको दायरामा किन पर्दैनन् ? 'चेन अफ कमान्ड' अन्तर्गतका सबैभन्दा नजीक स्थानीय सरकार तथा सो मातहतका शिक्षा शाखाको ध्यान किन पुग्दैन ?

**विद्यालय व्यवस्थापन समिति**

संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा एक व्यवस्थापन समिति रहने व्यवस्था छ। विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट विद्यालयको सिफारिशमा सम्बन्धित शिक्षा प्रमुखले मनोनीत गरेको व्यक्ति अध्यक्ष, अभिभावकहरूमध्येबाट अनिवार्य एकजना महिलासहित विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना सदस्य, स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट सम्बन्धित पालिकाले मनोनीत गरेको एकजना सदस्य, सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक सदस्य, सम्बन्धित विद्यालयका शिक्षकहरूमध्येबाट एकजना सदस्य तथा सम्बन्धित विद्यालयका प्रधानाध्यापक सदस्य-सचिव रहने व्यवस्था शिक्षा ऐनले निर्दिष्ट गरेको छ। यसरी विद्यालयको शिक्षा व्यवस्था सुदृढीकरणको लागि सात सदस्यीय व्यवस्थापन समिति रहने व्यवस्था शिक्षा ऐनमा उल्लेख छ।

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार के के हुन् ? विद्यालयको लागि प्राप्त स्रोत र साधन परिचालन गर्ने, आवश्यक भौतिक संसाधनको व्यवस्था गर्ने, चल-अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने, विद्यालयमा स्वच्छ वातावरण कायम गर्ने, नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्यरूपमा लागू गर्ने र अन्य राष्ट्रिय पाठ्यक्रम विकास तथा सहयोगी पुस्तकहरू पढाउन आवश्यक देखिएमा मूल्याङ्कन परिषद्को स्वीकृति लिने आदि उल्लेख छ।

यसको अलावा शिक्षक बहाल गर्ने प्रक्रिया कस्तो हुनुपर्छ ? भन्ने कुरा पनि यहाँ उल्लेख नगरी हुन्न। शिक्षा ऐनमा आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने, अस्थायीरूपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्ने, नयाँ नियुक्त हुने शिक्षकको हकमा नियुक्त भएको मितिले छ महीनाभित्र स्थायीसम्बन्धी प्रक्रिया शुरू गर्ने, नेपाल सरकारले तोकिदिएको तलब स्केलमा नघटाइ शिक्षकलाई तलब दिने, अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने र नेपाल सरकारले दिएका निर्देशनहरूको पालना गर्ने आदि व्यवस्था छ।

**चेन अफ कमान्ड**

सुशासन, कर्तव्य परायणता तथा प्रगतिको सन्दर्भमा विश्वव्यापी मान्यता अनुसार 'चेन अफ कमान्ड'को अग्रणी भूमिका मानिन्छ। अन्य क्षेत्रसँगै शिक्षा क्षेत्रमा पनि टुप्पोदेखि भुइँ तहसम्म 'चेन अफ कमान्ड' अन्तर्गत विभिन्न क्षेत्र हेर्ने निकायहरू छन्। वर्तमान व्यवस्था अनुसार सङ्घ अन्तर्गतका शिक्षा मन्त्रालय तथा जिल्ला शिक्षा समन्वय एकाइ, प्रदेश अन्तर्गत सामाजिक विकास मन्त्रालय तथा शिक्षा निर्देशनालय र सबैभन्दा नजीक स्थानीय सरकार मातहतका शिक्षा शाखाहरू छन्। चेन अफ कमान्डले संविधानको मर्म अनुरूप

(बाँकी चौथो पातामा)

# द्रोण पर्व–५३

उनले धेरैजसो हात्तीसवार र हात्तीहरूलाई, घोडसवार र घोडाहरूलाई तथा रथी र घोडासहित रथहरूलाई नष्ट पारिदिए। यस प्रकार फुर्तिलो सात्यकिले बाणहरूको झरी लगाइदिए, त्यति बेला तपाईका सैनिकमध्ये कसैलाई उनको सामु जाने साहस भइरहेको थिएन। उनको बाणवर्षाबाट घाइते भएर उनीहरू तर्सिदै युद्धभूमिबाट भाग्न थाले। सात्यकिको तेजले उनीहरू यस प्रकार भ्रमित भए कि ती एक्लो सात्यकिलाई नै अनेकौं रूपमा हेर्न थाले। उनीहरू जता गए पनि सामुमा सात्यकि नै देखा परिरहेका थिए।

यस प्रकार तपाईका धेरैजसो सैनिकलाई मारेर सेनाहरूलाई छिन्नभिन्न पारी सात्यकि त्यस व्यूहभित्र छिरे। अनि जुन मार्गबाट अर्जुन गएका थिए, त्यसै बाटो उनले पनि जाने विचार गरे तर यत्तिकैमा द्रोणाचार्यले उनलाई अगि बढ्नबाट रोके। यो हेरेर सात्यकिले पनि आचार्यमाथि सातवटा तीखो बाण हाने। द्रोणले सारथि र घोडासहित सात्यकिमाथि छवटा बाण हाने। द्रोणको यस पराक्रमलाई सात्यकिले सहन गर्न सकेनन्। उनले भीषण सिंहनाद गर्दै उनीमाथि क्रमशः दश, छ र आठवटा बाण हानेर घाइते पारिदिए। यसपछि दशवटा बाण अझै हाने र एउटा बाणबाट उनको सारथि, चारवटा बाणबाट चारवटै घोडा र एउटा बाण हानेर उनको ध्वजालाई काटिदिए। यो हेरेर द्रोणचार्यले बडो फुर्तीका साथ सलहको ओइरो आएझैं बाणवर्षा गरेर सारथि, ध्वजा र रथलाई चारैतिरबाट ढाकिदिए। अनि आचार्यले भने– हरे, तिम्रो गुरु त कायरझैं युद्ध न गरेर नै मेरो सामुबाट भागिसकेको थियो। म त युद्धमा लागिपरेको थिएँ, यत्तिकैमा ऊ मेरो प्रदक्षिणा गर्न थाल्यो। अझै तिमीले मसित युद्ध गरिरह्यौ भने जिउँदै बाँचेर जान सक्दैनौ। सात्यकिले भने– ब्रह्मण, तपाईको कल्याण होस्। म त धर्मराजको आज्ञाले नै अर्जुनको छेउमा नै गइरहेको छु। त्यसैले यहाँ मेरो समय नष्ट हुनुहुँदैन। शिष्यहरूले त सदैव आफ्ना गुरुको मार्गको नै अनुसरण गर्दै आइरहेका छन्। अतः जुन प्रकारले मेरा गुरु गएका छन्, त्यसै प्रकार म पनि अहिले जाँदैछु।

राजन्, यति भनेर सात्यकिले द्रोणाचार्यलाई छाडेर त्यहाँबाट गइहाले। उनलाई यस प्रकार अगि बढिरहेको हेरेर



महाभारतबाट सङ्कलन तथा अनुवाद
**उमाशङ्कर द्विवेदी**

द्रोणाचार्य अत्यन्त क्रोधित भई उनी अनेकौं बाण हान्दै सात्यकिको पछि दौडिए



कृतवर्मा

तर सात्यकि पछाडि फर्कनन्। उनी आफ्ना तीखा बाणहरू हान्दै कर्णाको विशाल वाहिनीलाई बेधेर कौरवको अपार सेनाभित्र छिरिहाले। सेना यताउति भाग्न थाले र सात्यकि त्यसभित्र छिरेको हेरेर कृतवर्माले उनलाई घेरे। उनलाई सामु आएको हेरेर सात्यकिले चारवटा बाण हानेर उनका घोडाहरूलाई घाइते पारी सोन्हवटा बाण उनको छातीमाथि हाने। यसबाट कृतवर्मा कुपित भई सात्यकिको छातीमा वत्सदन्त नामक एउटा बाण हाने। त्यो बाण उनको कवच र शरीरलाई छेडेर रगताम्य भई पृथ्वीमा छिर्‍यो। अनि उनले अनेकौं बाण हानेर सात्यकिको धनुष र बाणलाइ पनि काटिदिए। सात्यकिले अर्को धनुष लिएर त्यसबाट सयकडौं बाण हानेर कृतवर्मा र उनको रथलाई पनि ढाकिदिए। अनि एउटा भल्ल नामक अस्त्र हानेर उनको सारथिको टाउको पनि छप्काइदिए। सारथिविनाका घोडाहरू भागिगए। यसबाट कृतवर्मा आत्तिए तर अलिकबेरमै सावधान भएर आफ्ना घोडाहरूको राश स्वयम् नै सम्हालेर निर्भयतापूर्वक शत्रुलाई सन्तप्त पार्न थाले। यत्तिकैमा सात्यकि कृतवर्माको सेनाबाट निस्केर काम्बोज सेनातिर हानिए। त्यहाँ पनि अनेकौं वीरले उनलाई अगि बढ्नबाट रोके।

राजा धृतराष्ट्रले भने– सञ्जय, हाम्रो सेना अनेकौं प्रकारका गुणबाट सम्पन्न र सुव्यवस्थित छ। सेनाको व्यूहरचना पनि विधिवत् गरिन्छ। त्यसमा कोही धेरै बूढो वा बालक, अधिक दुब्लो वा मोटो अथवा पुड्को पुरुष पनि छैन। सबै सबल र स्वस्थ्य शरीर भएका वीरहरू छन्। हामीले कसैलाई पनि ललाइफकाइ, उपकार गरेर अथवा नातागोता सम्बन्ध भएको कारणले भर्ती गरेका छैनौं। यिनीहरूमध्ये कोही यस्तो पनि छैन, जो नबोलाइ आएको होओस् अथवा समातेर ल्याइएको होओस्। हामीले अनेकौं महारथी योद्धालाई छानी–छानी भर्ती गरेका छौं तथा उनीहरूलाई यथायोग्य तलब दिएर र केहीलाई प्रिय भाषण गरेर सन्तुष्ट गरेका छौं। हाम्रो सेनामा यस्तो एउटा योद्धा पनि छैन, जसलाई नाम मात्रको तलब दिइएको होस् अथवा तलब नदिइएको होस्। मैले मेरा पुत्रहरूले तथा हाम्रा बन्धु–बान्धवहरूले सबैको दान–मान र आसनादिबाट सत्कार गरेका छौं, तैपनि श्रीकृष्ण र अर्जुन विनारोकावट हाम्रो सेनामा छिर्न सफल भए तथा कसैले उनीहरूको कुनै पनि बिगार गर्न सकेनन्। यहाँसम्म कि सात्यकिले उनीहरूलाई कुल्चि पनि दिए। यसमा भाग्यबाहेक अन्य कसलाई दोष दिउँ?

दुर्योधनले अर्जुनलाई जयद्रथको सामु उभेको हेरेपछि र सात्यकिलाई निर्भयतापूर्वक आफ्नो सेनाभित्र छिरिरहेको हेरेर दुर्योधनले आफ्नो कुन कर्तव्य निश्चय गर्‍यो? मलाई लाग्दछ अर्जुन र सात्यकि दुवैजनाले आफ्नो सेनालाई नाघेर आएपछि कौरव–योद्धाहरूलाई युद्धस्थलबाट भाग्दै गरेको हेरेर मेरो पुत्र अत्यन्त फिक्रीमा परेको होला। यतिबेला सात्यकिसहित श्रीकृष्ण र अर्जुनलाई आफ्नो सेनाभित्र प्रवेशको कुराले म पनि आत्तिएको छु। लौ भन, द्रोणाचार्यले पाण्डवहरूलाई व्यूहको ढोकामा रोकेपछि त्यहाँ कुन प्रकारको युद्ध भयो–मलाई यो कुरा बताऊ तथा अर्जुनले सिन्धुराज जयद्रथको वध गर्नको लागि कुन उपाय गरे? क्रमशः...

---

खेतमा केही मजदुर गोडमेल गर्दैथिए। एक घण्टा काम गरेपछि उनीहरू सबै बसेर सुस्ताउन थाले र गफ हाँक्न थाले। खेतका मालिकले उनीहरूलाई केही भनेनन्– आफैं खुर्पी लिएर काम गर्न थाले।

मजदुरहरूले मालिकले काम गरेको देखेपछि लजाए र दौडिएर काममा जुटे। दिउँसो भयो। मालिक मजदुरनजीक आए र भने– "भाइहरू! काम बन्द गर र खाना खाऊ, आराम गर।" मजदुरहरू खाना खान गए र चाँडै थोरै आराम गरेर पुनः काममा व्यस्त भए।

साँझ बिदाको समयमा छिमेकी खेतवाला आए, उसले देख्यो आफ्नो खेतभन्दा पनि दुई गुना बढी काम छिमेकीको खेतमा भएको छ।

उसले सोध्यो– भाइ! तिमीले मजदुरलाई बिदा पनि दिन्छौ र हप्काउने पनि गर्दैनौ, तर पनि तिम्रो काम मभन्दा बढी हुन्छ; जबकि म मजदुरलाई बिदा पनि दिन्नँ र हरेक समय हप्काउने गर्छु, तर पनि मेरो काम कम भएको छ।"

खेत मालिकले भने– "भाइ! काम लिने नीतिमा म सबैभन्दा पहिलो स्थान स्नेह एवं सहानुभूतिलाई दिन्छु। अर्को कुरा म स्वयम् उनीहरूको कामकाजमा सघाउँछु। यसैले मजदुरले मन लगाएर काम गर्छन्, यसबाट काम पनि बढी हुन्छ र राम्रो पनि हुन्छ। यो अनुशासन थोपर्ने जस्तो होइन, सहजीवन–सहकार नै चमत्कारी परिणति हो।"

---

## निजी .....

शिक्षा ऐनले निर्दिष्ट गरेको व्यवस्था लागु गराउने निकाय हो। सूक्ष्मरूपमा निगरानी गर्ने संवैधानिक अधिकार अनुसार एकपछि अर्को संयन्त्र खडा छ। नियमविपरीत कार्य भएको देखिएमा यदि चेन अफ कमाण्ड सशक्त छ भने नियम अनुसार कारबाही नहुने कुरै हुँदैन। तर सोको लागि उत्तरदायित्वसहितको तदारूकता आवश्यक छ। शैक्षिक सुधारका साथै नियमविपरीत कार्य गर्ने सम्बन्धित पक्षलाई कानूनको दायरामा ल्याउने हो भने शैक्षिक प्रगतिको लागि कुनै अमुक समय कुर्नुपर्दैन।

**विगतका घटना**

स्मरण रहोस्, झन्डै एक दशकअघि वीरगंजलगायत पर्साका विभिन्न स्थानमा विद्यालय सञ्चालनको अनुमति तत्कालीन जिल्ला शिक्षा कार्यालय, पर्साबाट प्रदान गरिएको थियो। पापको घडा फुटेपछि आश्चर्यजनक वास्तविकता बाहिर आयो। संचारमाध्यमहरूले अग्रणी भूमिका निर्वाह गरे। दर्जनौं विद्यालय झोलामा सीमित रहेको सत्यतथ्य समाचार उजागर भए। अन्ततः दर्जनौं विद्यालय खारेज भए। पदासीन कर्मचारी कारबाहीमा परे। निलम्बित भए। पछिल्लो समय शैक्षिक जिम्मेवारी संविधानले पालिकामा प्रदत्त गरेपछि वीरगंज महानगरपालिका अन्तर्गतका शिक्षा शाखाका दुईजना पदाधिकारी मुद्दा खेपिरहेका छन्। आज सरकारी विद्यालयको कामकारबाही मात्र होइन, निजी विद्यालयहरूसमेत नियमसङ्गत सञ्चालित छन् वा छैनन् भन्ने कुराको सोधीखोजी गर्नु नितान्त आवश्यक छ। अनेकौं विधिबाट अनियमितता गर्ने शैक्षिक संस्था हुन् वा जिम्मेवार कर्मचारी, उनीहरूलाई कठघरामा उभ्याउनुपर्छ। संविधान, गणतन्त्र तथा शिक्षा ऐनको रक्षार्थ आम नागरिक जागरूक हुनुको विकल्प छैन।

**शिक्षकहरूको अवस्था**

संस्थागत विद्यालयहरूले अनियमित प्रक्रियाबाट बहाल गरेका शिक्षकहरूको दुरवस्था वर्णन गरेर साध्य छैन। मानौं उनीहरू कुनै हुकुमी शासन व्यवस्थाको अधीनमा छन्। सञ्चालकले तय गरेको समयतालिका बमोजिक कार्य गर्नुको विकल्प छैन। यद्यपि शैक्षिक प्रगतिको सवालमा संस्थागत विद्यालयहरूको अनुशासनपूर्ण कार्य सराहनीय भन्नुपर्छ। अपितु जहाँ ती शिक्षकहरूको हक अधिकारको कुरा आउँछ, प्रचलित शिक्षा ऐन र नियमावलीको कुरा आउँछ, त्यहाँ विद्यालयका सञ्चालकहरूको रावण प्रवृत्ति प्रकट हुन्छ। समयमा तलब र आवश्यक परेको बेला पेश्की नपाउने, बिरामी परेमा वा लकडाउन जस्तो परिस्थिति आइपरेमा जागिरसमेत गुमाउनुपर्ने ती शिक्षकहरूको आवाज कसले उठाइदिने? संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूको बहाली अनियमित बाटोबाट भएकै कारणले उनीहरूको दुःख भोगाइ छ। यो पनि कुरा नकार्न सकिँदैन कि संस्थागत विद्यालयका हकहितका लागि उदीयमान विभिन्न सङ्घसङ्गठनहरू केवल सञ्चालकहरूको पक्षपोषण गर्ने निकायको रूपमा सीमित छन्। सरकारी स्तरमा नियमन गर्ने विभिन्न 'चेन अफ कमाण्ड' किन सुस्तमनस्थितिका छन्? राजनीतिकर्मी वा पदासीन जनप्रतिनिधिहरूको स्वर किन मौन छ? लगायतका अनुत्तरित प्रश्नहरूको जवाफ कसले दिने?

**प्रशंसापत्र कि प्रचार**

अहिलेको परिवेशमा प्रशंसापत्र, कदरपत्र प्रदान गरी सार्वजनिक व्यक्तित्वहरूसँग अदृश्यरूपमा प्रचार गराउने होड खूब फस्टाइरहेको छ। प्रत्यक्षरूपमा प्रशंसापत्र प्रदान गरेझैं देखिए तापनि अप्रत्यक्षरूपमा प्रचारप्रसारको नयाँ शैली उदीयमान छ। शैक्षिक संस्थाहरूले समाजका प्रतिष्ठित व्यक्तित्वहरूलाई प्रशंसापत्र प्रदान गर्ने कार्य प्रशंसनीय भए तापनि प्रचारमुखी प्रवृत्ति छताछुल्ल छ। यस्तो कार्यशैलीले निजी विद्यालयहरूलाई प्रत्यक्ष/अप्रत्यक्ष दुवै कोणले फाइदा नै फाइदा छ। प्रशंसापत्र पाउने भएपछि कुनै पनि हालतमा सो संस्थासँग सम्बन्धित अनियमितता उठाउने कुरै भएन। अपवादबाहेक आमन्त्रित व्यक्तित्वहरूले सो संस्थाको प्रशंसा गर्नुबाहेक उनीहरूसँग अर्को विकल्प हुँदैन। पीडक र पीडित एकै थलोमा उपस्थित रहेका बेला त्यो प्रशंसाले पीडकलाई अति हर्ष र पीडितलाई थप विषाद नहुने कुरै हुँदैन। अब प्रश्न उठ्छ, समाजका प्रतिष्ठित व्यक्तित्वहरूले प्रशंसाको पुल बाँधेपछि आम नागरिकले के बुझ्ने?

समाजका विभिन्न सरोकारवालाहरूसँग भएको संवादको आधारमा तयार पारिएको यस आलेखमा केही उदीयमान युवा राजनीतिकर्मीहरूको विचार प्रस्तुत छ।

**मुकेश द्विवेदी**
**(युवा नेता, लोसपा, पर्सा)**

नितान्त महत्त्वपूर्ण विषयवस्तु उठान भएको छ। सामुदायिक वा निजी जुनसुकै विद्यालय भए तापनि कानून सबैको लागि



एक समान छ। कानून सबैले मान्नुपर्छ। समाजमा सामुदायिक र निजी विद्यालयलाई हेर्ने दृष्टिकोण फरक–फरक देखिन्छ। यो ध्रुव सत्य हो। पर्सा जिल्लामा सामुदायिक विद्यालयभन्दा निजी विद्यालयको सङ्ख्या दोब्बरभन्दा पनि बढी छ। सोमध्ये अधिकांश निजी विद्यालय वीरगंज महानगरपालिकामा छन्। आफूलाई ठूला र अब्बल मान्ने प्रकृतिका विद्यालयहरू कसको छत्रछायामा कानूनको धज्जी उडाइरहेका छन्? यसको उत्तर खोज्नको लागि विलुप्त वनस्पति खोजेझैं हिमाल चढ्नुपर्दैन। उत्तर यहीं पाइन्छ।

संविधानतः स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुरूप शिक्षा प्रणालीको जिम्मेवारी महानगरपालिका मातहतका शिक्षा शाखामा निहित छ भन्ने कुरा सबैलाई ज्ञात हुनुपर्छ। कोठामा सञ्चालित निजी विद्यालयहरू वीरगंजलगायत पर्साका विभिन्न पालिकाहरूमा छन्। शिक्षा ऐन बमोजिम सञ्चालन भए नभएकोबारे खोजबीन हुनुपर्छ। कुनै पनि दृष्टिकोणले कानूनको धज्जी उडाउन पाइँदैन। कार्यरत जनशक्तिलाई शोषण गर्न पाइँदैन। प्रचलित शिक्षा ऐनविपरीत कार्य गर्ने शिक्षालयहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। अचम्मलाग्दो के हो भने नियामक निकाय किन सुस्त छ? कारण के हो? खोज्ने तथा कारबाही गर्ने उत्तरदायित्व कसको हो? यदि नियामक निकाय अक्षम भएको हो भने त्यसविरुद्ध युवा, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमीलगायत राजनीतिकर्मीहरू उभिनैपर्छ।

**लोकेश सिंह**
**(युवा नेता, नेपाली काङ्ग्रेस, बारा)**

सान्दर्भिक प्रसङ्ग छ। 'तँ चुप मै चुप'को संस्कार विद्यमान रहेसम्म शिक्षा व्यवस्था उँभो लाग्ने छाँटकाँट देखिँदैन। सरकारी शिक्षकहरूको मानसिकता पेशा



उन्मुख हुने हो भने निजी विद्यालयहरूको अस्तित्व समाप्त नहुने कुरै हुँदैन। सरकारी विद्यालय जति धराशयी हुन्छन्, त्यति नै निजी विद्यालयहरूको व्यापार फलिफाप हुन्छ। प्रायः राजनीतिकर्मी, सरकारी शिक्षक तथा निजामती कर्मचारीहरूका सन्तान निजी विद्यालयमा पढ्छन्। यसले समाजमा के सन्देश प्रवाह गरिरहेको छ? उनीहरूकै कारण हुँदाखाने परिवार पनि निजी विद्यालयतर्फ आकर्षित भइरहेका छन्। निजी विद्यालयद्वारा भइरहेका शोषणको मूकदर्शक बनिरहनु खेदपूर्ण छ। जसको आवाजको प्रभाव पर्छ, उनीहरू नै निजी शैक्षिक संस्थाका सञ्चालकहरूको मोहजालमा फसिसकेपछि शिक्षा ऐनको धज्जी उड्ने र सामाजिक न्याय धरापमा पर्नु अस्वाभाविक होइन।

नियामक निकाय कुम्भकरण निद्रामा छ भन्ने पनि होइन। उनीहरू सामान्य सक्रियताभन्दा पनि बढी सक्रिय छन्। तर त्यो सक्रियता शैक्षिक सुधारका निम्ति होइन, स्वभुँडी भर्ने नियतमा आधारित छ। उनीहरू कसैप्रति पनि लाञ्छना लगाउने हैसियतमा छैनन्। किनभने एउटा औंला अर्कोतिर उठाउने बित्तिकै बाँकी चारवटा औंला आफैंतिर तेर्सिन्छन्। आफैंलाई गिज्याउँछन्। सामुदायिक विद्यालय होस् वा निजी एकलाई काखा र अर्कोलाई पाखा गर्ने नियम छैन। कानूनको दृष्टिकोणले राम्रो गरे प्रशंसा र गलत गरे कारबाहीको कठघरामा उभ्याउनै पर्छ। नियामक निकायको नियत सफा छ भने मात्रै कानूनको बर्खिलाफ गर्नेहरूलाई कानूनप्रदत्त कारबाही र दण्डित गर्न सकिन्छ। अराजकताको विरुद्धमा युवा तथा विद्यार्थीहरू मात्रै होइन, राजनीतिकर्मीहरूको पनि भूमिका अपरिहार्य छ।

---

# लभ इन वीरगंज



धारावाहिक नाटक
**समीर पाखिन**

(बुढा फर्केर गएपछि स्वयम्सित) यो ममी–बाबा काठमाडौंतिरै बस्ने हुन् कि क्या हो? महीना दिन भइसक्यो फर्कने नामै लिदैनन् त? हजुरआमाले दिएको हजार रुपैयाँ पनि सकियो। अब के गर्ने होला?

०००

समय :बिहानी पख।

स्थान : घडीअर्वा पोखरी परिसर।

सुशीला उसका तीन/चार जना महिला साथीहरू र बिहान हिंड्न आउने अन्य महिला र पुरुषहरूको ठूलै चहलपहल छ। सुशीला साथीहरूसँग गफ गर्दै पोखरीको परिक्रमा गरिरहेकी छे।

सुशीला : आजदेखि त बूढोलाई पनि चाँडै उठाएर मुर्ली चोकतिर दौडन पठाएको छु। पेट बढेर होला दिनदिनै अल्छे हुँदै गएको छ।

महिला–१ : हो, पेट बढेपछि त लोग्नेमान्छेहरू कामै नलाग्ने हुँदा रहेछन्। अलिकता ठाडो उकालो हिंड्यो कि स्वाँ–स्वाँ र फ्वाँ–फ्वाँ गर्न थालिहाल्छन्।

महिला–२ : त्यति मात्र हो र! पाइन्ट लगायो कम्मर मुनि झर्छ। पेट उछिटिएकोले कमिजको बटन फुस्किरहने, जुत्ताको लेश फुस्के तापनि बाँध्न नसक्ने, कुनै कुरा खसे पनि तुरुन्त टिप्न नसक्ने र निहुरिएर गर्ने कुनै काम गर्न नसक्ने हुँदोरहेछ।

सबै गलल हाँस्छन्।

महिला–२ : ल किन हाँसेका यिनीहरू? यसमा हाँस्नुपर्ने कुरा के छ र?

महिला–३ : त्यही त। हाम्रो विवेकको बुबाको पनि सबै पाइन्ट टाइट भएर अहिले त इलास्टिक राखेर पाइजामा पो सिलाइदिएकी छु।

सुशीला : त्यही भएर मैले आजदेखि उठाएर मुर्ली चोकतिर लखेटिदिएको छु।

महिला–२ : किन उतातिर पठाएकी? आफैंसँग लिएर आएको भए भइहाल्थ्यो नि।

सुशीला : अप्पुई! बूढालाई सँगै लिएर आउनु? यसै त ठिटाहरू आन्टी–आन्टी भनेर जिस्क्याउँछन्। त्यहीमाथि हवल्दार बूढोलाई लिएर हिंडे भने त भोलिदेखि हजुरआमा भनेर बोलाउन बेर छैन। ल अब जाने होइन? जाऔं, जाऔं।

सबैजना हाँस्दै पोखरी परिसरबाट बाहिरिन्छन्।

०००

समय : बिहान। स्थान : उषाको कोठा।

उषा कोठामा म्युजिक बजाएर व्यायाम गर्दैछे। यत्तिकैमा प्रीतमको कल आउँछ। उषाले फोन उठाउँछे।

उषा : उफ! फेरि कसको कल आयो? हेलो, ए प्रीतमजी? सन्चै छ। तपाई? म अहिले कोठामा नै छु। तपाई नि त? के वीरगंज आउँदै हुनुहुन्छ अरे? खै, क्याम्पस जानुपर्छ। कोशिश गर्छु। कहाँ? घण्टाघरमा? हेरौं। हस् हस्।

(फोन राखेपछि स्वयम्सित) आज भने पेटभरि चिकेन मोमो खानुपर्ला, त्यही हेटौंडामा खाएपछि खान पाइएको छैन।

घरबेटी बज्यै : (फेरि साउन्ड अन गरेर नाच्न थाले कि हुन्छे यत्तिकैमा घरबेटी बज्यै ढोकाबाट भित्रतिर चियाउँदै) एई चोथाली, के गरेकी हँ? मलाई पूजा गर्न अबेर भइसक्यो तेरो बाजा बन्द गर्छेस् कि गर्दैनस् भन् त?

उषा : (बाजा बन्द गर्दै) न त आँगनमा डोरी खेल्न दिन्छे, न म्युजिक बजाएर एरोबिक गर्न दिन्छे। यो बूढीले त मलाई दुब्ल्याउनै नदिने भो बा।

०००

समय : मध्याह्न। स्थान : जिल्ला ट्राफिक कार्यालय परिसर।

इमानसिंह हवल्दार हातमा खामबन्दी पत्र बोकेर समकक्षीसँग सरुवाबारे दुःखेसो गर्दैछ।

इमानसिंह : त्यही त थापाजी। रिटायर्ड हुन अब कति नै वर्ष थियो र। त्यतिञ्जेल वीरगंजै बस्न पाए हुन्थ्यो भनेको सरुवाको पत्र आएछ।

थापाजी : तपाई हामीले भनेर हुन्छ र इमान सिंहज्यू। विभागले जहाँ जा भन्छ, त्यहाँ त पुग्नैपर्छ। हेर्नुस्, म पूर्व ताप्लेजुङको चीसो ठाउँबाट भतभती पोल्ने पर्सा जिल्लामा आइपुगें। अनि अब रिटायर्ड हुन कति वर्ष बाँकी छ?

इमान सिंह : कति हुनु? तीन वर्ष त हो नि।

थापाजी : के भो त? असईमा बढुवा भइहाल्नुभएछ। असईको पेन्शन खान पाइहाल्नुहुन्छ नि। अवकाशपछि के गर्ने विचार छ?

इमान सिंह : अवकाशपछि घरतिर गइन्छ थापाजी। घर फर्केर तरकारीखेतीसँगै बङ्गुरपालन व्यवसाय शुरू गर्ने विचार गरेको छु।

थापाजी : घर विजयबस्ती भन्नुभएको होइन?

क्रमशः

---

## उत्सव.....

आफ्नो खुशी अनाथहरूसित बाँड्न सिक्नुपर्दछ। उत्सव अनाथहरूसित मनाउन सक्नुपर्दछ, सिक्नुपर्दछ।

अनाथहरूसित मनाइएको उत्सव ब्याजमा गरिएको ठूलो खुशीको लगानी हो। लगानीले ब्याज दिन्छ वा प्रतिफल दिन्छ। अनाथहरूमा खुशी लगानी गर्दा मनभित्र खुशीको ब्याज निरन्तर खुशी आइरहन्छ। आत्मामा सन्तुष्टिको प्रतिफल निरन्तर प्राप्त भइरहन्छ र यस्तो अनुभूति हुन्छ कि मैले आफ्नो केही कुरा यस परम पवित्र काममा पनि लगानी गरेको छु। अन्य खेर जाने कुराहरूमा गरिएको लगानीको कुनै सम्झना हुँदैन तर अनाथहरूसित उत्सव मनाएको सम्झना भने भइरहन्छ। यसरी अत्यन्त स्मरणीय र अरूहरूका लागि पनि स्मरणीय आनन्ददायी आफ्नै उत्सवमा आफूलाई सहभागी गराउने उत्सवको नवीन यात्राका यायावर बन्न आफैंलाई प्रेरित गरौं।

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले एशिया प्रशान्त क्षेत्रमा सैन्य गतिविधि बन्द गर्नुपर्छ

बेइजिङ, चीन, १० मङ्सिर/एएनआई

चीनले बिहीवार अमेरिकी पक्षलाई एशिया–प्रशान्त क्षेत्रमा नजीकको जासुसी, हस्तक्षेप, उत्तेजना र बल प्रदर्शन लगायतका कार्यहरू बन्द गर्न आग्रह गरेको छ।

चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वरिष्ठ कर्नेल वु छियानले युएसएस कनेक्टिकट आणविक पनडुब्बी झडपसम्बन्धी अधिकारीहरूलाई जवाफदेही बनाउन, टकराव कम गर्न र अमेरिकी सेनाको कारबाईबारे पत्रकार सम्मेलनमा सोधिएको आधिकारिक प्रतिक्रियाका रूपमा उक्त टिप्पणी गरेका हुन्।

वूले भने, "टकराव भएको बेलादेखि अमेरिकी पक्षको अप्ठ्यारो र गोप्य मनोवृत्तिले अन्तर्राष्ट्रिय समुदायमा अनिवार्यरूपमा शङ्का उत्पन्न गरेको छ। अमेरिकी पक्षले तीनवटा प्रश्नको स्पष्ट जवाफ दिनुपर्छ।"

पहिलो, अमेरिकी पनडुब्बीको नेभिगेशनको उद्देश्य के हो ? दोस्रो, टक्करको सही स्थान के हो ? अन्तमा, यसले आणविक चुहावट वा समुद्री वातावरणीय प्रदूषण निम्त्यायो कि निम्त्याएन ? आधिकारिक चिनियाँ सैन्य समाचार मिडिया केन्द्रले उल्लेख गरेको ताइवानको एयर डिफेन्स इन्टिग्रेशन जोन (ADIZ) मा चिनियाँ सेनाको



चिनियाँ राष्ट्रपति सी जिनपिङ र अमेरिकी राष्ट्रपति जो बाइडेन। तस्वीरः एजेन्सी

छ। चीनले यस घटनाको मूल कारण एशिया–प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य जहाजहरूद्वारा गरिएको व्यापक र उच्च–तीव्रताको नजीकको जासुसी, हस्तक्षेप, उक्साहट र बल प्रदर्शनका साथै अमेरिकी सैन्यकरण हो भन्ने विश्वास गरेको वूले टिप्पणी गरेका छन्। हामी अमेरिकी पक्षलाई त्यस्ता गतिविधिहरू तुरुन्तै बन्द गर्न आग्रह गर्दछौं, ताकि पर्खालमा आफ्नो टाउको नठोकियोस्, वुले भने।

घूसपैठलाई लिएर अमेरिका र चीनबीच बढ्दो तनावको बीचमा यो दुर्घटना भएको हो। संयुक्त राज्य अमेरिका र यसका सहयोगीहरूले क्यारियर स्ट्राइक ग्रुप २१ भनेर चिनिने यस क्षेत्रमा बलको एक प्रमुख बहुराष्ट्रिय प्रदर्शन गरिरहँदा कनेक्टिकट दक्षिण चीन सागरको वरपरको पानीमा सक्रिय रहेको सञ्चारमाध्यमहरूले जनाएका छन्। रासस

## अफ्रिकाका २७ प्रतिशत स्वास्थ्यकर्मीलाई कोरोनाको खोप

ब्राजाभिल्ले, १० मङ्सिर/सिन्ह्वा

अफ्रिकाका २७ प्रतिशत मात्र स्वास्थ्यकर्मीलाई कोरोनाविरुद्धको खोप दिइएको छ। यहाँका अधिकारीहरूले अफ्रिकामा पनि कोरोनाविरुद्धको खोपको अभियान सञ्चालन भइरहेको तर पनि कोरोनाविरुद्धको खोप सबैलाई सुलभ भने नभएको बताइएको छ।

विश्व स्वास्थ्य सङ्गठनले बिहीवार दिएको जानकारी अनुसार जुनसुकै देशमा पनि अग्रस्थानमा खट्ने स्वास्थ्यकर्मीहरूका लागि खोपलाई प्राथमिकता दिने गरिएको छ।

यसै अनुसार अफ्रिकामा पनि स्वास्थ्यकर्मीलाई खोपको प्राथमिकता दिइएको हो। तर पनि यहाँका धेरैजसो स्वास्थ्यकर्मीले खोप पाउन सकेका छैनन्। स्वास्थ्यकर्मीले नै खोप पाउन नसक्दा कोरोनाविरुद्धको लडाइँ जोखिमपूर्ण अवस्थामा रहेको अफ्रिकाका लागि विश्व यहाँ प्रतिहजारजना नागरिकमा एकजना मात्र चिकित्सक उपलब्ध रहेका छन्।

**नोभेम्बर २६ सम्मको विश्व र केही देशका कोरोना सङ्क्रमितको सङ्ख्या**

बेइजिङ, १० मङ्सिर/रासस/सिन्ह्वा

जोन्स होप्किङ्स विश्वविद्यालयले पुष्टि गरेको नोभेम्बर २६ सम्मका विश्वलगायत केही देशमा कोरोना सङ्क्रमितको सङ्ख्या यस प्रकार रहेको छ।

| देश | सङ्क्रमितको सङ्ख्या | देश | सङ्क्रमितको सङ्ख्या |
|---|---|---|---|
| विश्व | २६०,०५३,७२८ | रूस | ९,३०३,७५१ |
| अमेरिका | ४८,१२६,३८२ | टर्की | ८,६७८,६०९ |
| भारत | ३४,५४४,८८२ | फ्रान्स | ७,६१९,६५६ |
| ब्रजील | २२,०५५,२३८ | इरान | ६,०९७,६७२ |
| बेलायत | १०,०७६,११६ | जर्मनी | ५,६७०,२५३ |

स्वास्थ्य सङ्गठनका निर्देशकले जानकारी दिएका छन्।

यसै पनि अफ्रिकाका १६ वटा देशमा स्वास्थ्यकर्मीको सङ्ख्या निकै थोरै छ। यसैमा पनि कोरोनाविरुद्धको खोप २७ प्रतिशतले मात्र प्राप्त गर्न सक्नुले कोरोनाको जोखिम कम हुन नसकेको बताइएको छ। रासस

## खानी दुर्घटनामा ५२ मजदूर र छजना उद्धारकर्मीको मृत्यु

मस्को १० मङ्सिर/सिन्ह्वा

रूसमा कोइलाखानी दुर्घटनामा परी कम्तीमा पनि ५२ जनाको ज्यान गएको समाचारमा जनाइएको छ। प्राप्त समाचार अनुसार रूसको केमरोभो प्रान्तमा बिहीवार सो दुर्घटना भएको थियो। उक्त दुर्घटनामा परी मृत्यु हुनेमा छजना उद्धारकर्मी पनि परेका छन्। मृत्यु भएका ५२ जनामध्ये छजना उद्धारकर्मी पनि परेका छन्।

यहाँका अधिकारीहरूले गएको पाँच वर्षमा यो सबैभन्दा ठूलो खानी दुर्घटना भएको जनाएका छन्। रूसी समाचार समिति तासले जनाए अनुसार सो दुर्घटनामा परेका मजदूरहरू कोही पनि जीवित नरहेको बताएको छ। सो समाचार समितिले उक्त दुर्घटना परेको थाहा भएपछि उद्धारको काम थालिएको तर पनि त्यहाँ च्यापिएर रहेकामध्ये कोही पनि जीवित नपाइएको सो समाचारमा जनाइएको छ।

कोइलाखानीमा विस्फोट भएको थियो। त्यसपछि कोइलाको कालो धूलोले खानीभित्र अँध्यारो भएर उद्धारको काम गर्न निकै कठिन भएको थियो। रूसको सो समाचार समितिले दुर्घटनाका क्रममा सो खानीमा कम्तीमा पनि २८५ जना मजदूर र कर्मचारी रहेका थिए। त्यसपछि कतिपयलाई उद्धार गरेर बाहिर निकालिएको थियो।

यस दुर्घटनामा घाइते भएका मजदूरको उपचार जारी रहेको बताइएको छ। उनीहरूलाई खानीभित्रको कोइलाको कालो धूवाँले असर गरेको बताइएको छ।

**रूसी र बेलारूसी लडाकूहरूले संयुक्तरूपमा बेलारूस सीमामा गस्ती गर्दै**

मिन्स्क, बेलारूस/एएनआई/स्पुतनिक

बेलारूस र रूसका Su–30SM लडाकू विमानहरूले बिहीवार बेलारूसको सिमानामा हवाई गस्ती गरेको बेलारूसी रक्षा मन्त्रालयले जनाएको छ। रक्षा मन्त्रालयले जनाए अनुसार आज एक संयुक्त रणनीतिक समूह जसमा बेलारूस र रसियाको बहुकार्यात्मक Su–30SM लडाकूहरू समावेश छन्, तिनीहरूले बेलारूस गणतन्त्रको सीमामा हवाई गस्ती गरिरहेका छन्।

समाचारमा जनाइए अनुसार बेलारूस गणतन्त्रको सशस्त्र बलको वायुसेना र वायु रक्षा बलको उड्डयन दलद्वारा वायु रक्षा कर्तव्य बलको संरचना र हवाई क्षेत्रमा राज्य सीमाको संयुक्त गस्ती बढाउने निर्णय गरिएको छ।

यो निर्णय बेलारूस गणतन्त्रको राज्य सीमानजीकै विभिन्न प्रकारका उड्डयनका उडानहरूको बढ्दो आवृत्तिको सम्बन्धमा र हवाई क्षेत्रमा राज्यको सिमानाको उल्लङ्घनलाई रोक्नको लागि गरिएको हो, मन्त्रालयले जनाएको छ। रासस

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

**आजको राशिफल**

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कार्यनाश | वृष | भयचिन्ता |
| मिथुन | विजय | कर्कट | धनक्षति |
| सिंह | भाग्योदय | कन्या | बेचैनी |
| तुला | धनलाभ | वृश्चिक | सफलता |
| धनु | राज्यभय | मकर | वादविवाद |
| कुम्भ | यात्रालाभ | मीन | अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

सडकमा चौपायालाई छाडा नछोडौं
दुर्घटना हुनबाट जोगाऔं

वीरगंज महानगरपालिका

## शहीदको बलिदानको कदर हामीले गर्नुपर्छ –मुख्यमन्त्री गट्टी

धनुषा, १०, मङ्सिर/रासस

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गट्टीले शहीदको बलिदानकै फलस्वरूप मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको बताए।

धनुषाको शहीदनगर नगरपालिकाको हरबाडामा नवनिर्मित शहीद कामेश्वर कुशेश्वर सभागृहको शुक्रवार उद्घाटन गर्दै उनले शहीदको बलिदानीलाई प्रदेश सरकारले खेर जान नदिने बताए। मुख्यमन्त्री गट्टीले शहीदको बलिदानीको बलमा स्थापित प्रदेश सरकार शहीदहरूले देखेको सपना साकार गर्न सदैव तत्पर रहने विश्वास दिलाए।

मुख्यमन्त्री गट्टीले प्रदेश सरकार समाजमा पछाडि परेका समुदायहरूको उत्थानका लागि जनसङ्ख्याको अनुपातमा आरक्षणको व्यवस्था, छोरीहरूको शिक्षामा पहुँच बढाउन 'बेटी पढाऊ, बेटी बचाऊ' जस्ता कार्यक्रमहरू ल्याएको बताए।

छोरी शिक्षा बीमा कोभिड महामारीका कारण हाललाई स्थगित भएपनि छिट्टै सञ्चालन हुने र त्यसले समाजमा नयाँ क्रान्ति ल्याउने उनले बताए।

## मौसम सफा हुन अझै केही दिन लाग्ने

काठमाडौं, १० मङ्सिर/रासस

पछिल्लो केही दिनयता नेपालमा स्थिर रहेको मौसमी प्रणालीको प्रभाव अझै केही दिन कायम रहने भएको छ।



स्थानीय वायुको प्रभावका कारण देशका अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदली रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ। स्थानीय वायुको प्रभावसँगै वायु प्रदूषणका कारण काठमाडौं उपत्यकामा तुवाँलो लागेको विभागका मौसमविद् मञ्जु बासीले बताइन्।

"अहिलेको अवस्थालाई हेर्दा मौसम तत्काल सफा हुने देखिएको छैन," मौसमविद् बासीले भनिन्।

मौसम सफा हुनका लागि वर्षा हुनुपर्छ वा तीव्र वेगले वायु चल्नुपर्छ। सो अवस्था नदेखिएकाले मौसममा सुधार हुने सम्भावना नदेखिएको बताइएको छ। हाल प्रदेश नं १, वाग्मती, गण्डकी र पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको थियो।

दिउँसो प्रदेश नं १, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशको पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही प्रदेश नं १, वाग्मती, गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपात भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

भोलि प्रदेश नं १, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा भई प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपात हुने सम्भावना रहेको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव आठ डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम २९ दशमलव आठ डिग्री सेल्सियस रहेको छ।

## लडेर छात्रको मृत्यु

जलेश्वर, १० मङ्सिर/रासस

महोत्तरीको रामगोपालपुर नगरपालिका–१ स्थित बसबिट्टी माध्यमिक विद्यालयमा अध्ययरत एकजना छात्रको लडेर मृत्यु भएको छ।

मृत्यु हुनेमा बलवा नगरपालिका–१ का १८ वर्षीय सन्दीप महतो रहेको प्रहरीले जनाएको छ।

विद्यालयको भञ्याङमाथि मोबाइलमा वाइफाई चलाउन चढेका उनी लडेर घाइते भएका र उपचारका क्रममा मृत्यु भएको प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए।

गम्भीर घाइते महतोलाई उपचारको लागि जनकपुरस्थित काव्या अस्पतालमा लगिएको त्यहाँ सुधारोन्मुख नभएपछि थप उपचारको लागि सिराहाको कर्जन्हामा अवस्थित फूलकुमारी महतो मेमोरियल अस्पतालमा लगिएको थियो। सोही अस्पतालमा उपचारकै क्रममा गएराति उनीको मृत्यु भएको प्रहरीले जनाएको छ।

## ट्याक्टरमा च्यापिएर चालकको मृत्यु

जनकपुर, १० मङ्सिर/रासस

बालुवा लोड गरेको ट्याक्टरमा च्यापिएर धनुषाको नक्टाझिजमा शुक्रवार ट्याक्टर चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा ज.१त ४१७२ नम्बरको ट्याक्टरका चालक धनुषाको मिथिला नगरपालिका–७ निवासी २५ वर्षीय चेतन महतो रहेको प्रहरीले जनाएको छ।

लोड गरिएको बालुवा झार्ने क्रममा अचानक इन्जिनमाथि उठ्दा च्यापिएर चालक महतोको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय, महेन्द्रनगरले जनाएको छ।

शवपरीक्षणको लागि प्रादेशिक अस्पतालमा राखिएको र घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## आगलागी हुँदा २० लाखको क्षति

जलेश्वर, १० मङ्सिर/रासस

जिल्लाको सोनमा गाउँपालिका–२ स्थित एक घर, किरानापसल र धान कुट्ने मिलमा शुक्रवार बिहान आगलागी हुँदा रु २० लाख बराबरको क्षति भएको छ। जिप्रका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार स्थानीयवासी रामएकबाल साहाको घरमा आगलागी भएको थियो। आगलागीबाट किरानापसलभित्रका सम्पूर्ण सरसामानसहित मिलमा रहेका सम्पूर्ण अन्न क्षति भएको प्रहरीले जनाएको छ। सो आगलागीबाट मानवीय तथा पशुजन्य क्षति नभएको र स्थानीयवासीका सहयोगमा आगो नियन्त्रणमा लिइएको जनाइएको छ।

**कौडीको मोलमा.....**

साहले अहिले उखुबाट निकै कम सख्खर उत्पादन हुने र सख्खरको बजार भाउ पनि कम भएको हुनाले बजार भाउ तथा उत्पादनको आधारमा उखुको मूल्य तोकिएको बताउँछन्।

यसैगरी, समनपुरका क्रसर सञ्चालक सञ्जय साहले चाडपर्वको समयमा केही दिन सख्खरको माग बढी हुने तर त्यसपछि सेलाउने भएकोले सख्खरको मूल्य खासै नहुने र उत्पादन पनि कम हुने हुनाले उखुको मूल्य कम हुने गरेको बताउँछन्।

उखुको मूल्य कम हुँदा पनि खेत खाली भएपछि किसानले दोहोरो बाली लगाउन पाउने भएकाले किसानहरू क्रसर उद्योगलाई सस्तोमा उखु बेचेका हुन्।

उखुलाई नगदेबाली भनिए पनि किन्ने बेलामा चिनी उद्योगहरूले किसानको उखु उधारोमा लिने र नगद दिने बेलामा अनेक बहाना बनाउने हुनाले पनि किसानहरूले सस्तोमा भएपनि नगद पाउने भएपछि क्रसर उद्योगलाई उखु उपलब्ध गराएका हुन्। चिनीमिलहरूले समयमा भुक्तानी नदिंदा किसानहरूले आफ्नो पैसाको लागि विगतमा आन्दोलन गर्दै आएका छन्।

चाडपर्व र खेतीपातीको लागि उखु बेचेर नगद हातमा पर्ने तथा खेत खाली हुँदा अर्को बाली लगाउन पाएपछि दोहोरो लाभ लिन सकिने अवस्था रहेकोले उखु किसानहरूले कौडीको मोलमा क्रसर उद्योगलाई उखु बेचिरहेको किसानहरूकै भनाइ छ।

**प्रदेश...............**

तिहाइ बहुमत पुग्छ," राजनीतिक विश्लेषक तथा प्राध्यापक देवनारायण यादवले भने, "तर गठबन्धन दलहरूभित्रै प्रदेशको नामका विषयमा फरक–फरक धारणा र प्रस्ताव छन्।" यस्तो अवस्थामा नामकरणको प्रस्ताव पारित हुने सम्भावना कमजोर रहेको उनको भनाइ छ। प्रदेश नं २ को नामका विषयमा सबै दलको आआफ्नै अडान रहेकाले दलीय सहमति नभएसम्म नामकरणको विषय टुङ्गिन गाह्रो रहेको विश्लेषक यादवले बताए। मधेस पृष्ठभूमिका जसपा र लोसपा प्रदेशको नाम मधेस राख्ने पक्षमा देखिएका छन् भने प्रतिपक्षी नेकपा एमाले र सत्तारूढ दल नेपाली काङ्ग्रेस 'मधेस' नाम कुनै हालतमा स्वीकार नगर्ने अडानमा छन्। नेकपा माओवादी केन्द्र प्रदेशको नाम मधेस राख्ने विषयमा लचिलो रहे पनि सत्तारूढ नेपाली काङ्ग्रेस र नेकपा (एस) मधेस प्रदेशको पक्षमा नरहेको जसपाका प्रदेशसभा सदस्य रामअशिष यादवको भनाइ छ।

नेकपा एमाले मिथिला वा जनक तथा काङ्ग्रेसले मिथिला वा मिथिला–भोजपुरा प्रदेश नाम राख्नुपर्ने बताउँदै आएको छ भने नेकपा (एस) ले सबैको भावनालाई सम्बोधन हुने गरी नामकरण गर्नुपर्ने अडानमा छ। जसपा र लोसपाका प्रदेशसभा सदस्यले प्रदेश नं २ को नाम मध्य–मधेस वा मधेस राख्नुपर्ने बताइरहँदा अन्य दलका नेताहरूले प्रदेशको नाम राजर्षि जनक, जानकी तथा मिथिला–भोजपुरा प्रदेश राख्दा उपयुक्त हुने बताइरहेका छन्।

यसरी दलका नेताहरूको मत विभाजित हुँदा प्रदेशसभा गठन भएको दुई वर्षमा भएपनि प्रदेशको नाम र राजधानी पाउने जनताको विश्वासमाथि कुठाराघात भएकाले तत्काल दलीय सहमति कायम गरेर दुवै विषय टुङ्ग्याउनुपर्ने बुद्धिजीवीहरूको सुझाव छ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# अस्पताल सुधारको लागि मन्त्रालयलाई ज्ञापन

प्रस, पोखरिया, १० मङ्सिर/

लोसपाका नेता निजामुद्दीन समानीले प्रदेश २ को सामाजिक विकास मन्त्रालय जनकपुरधाममा ज्ञापनपत्र बुझाएका छन् ।

प्रदेश २ सरकारले पर्सा जिल्लाको पोखरिया अस्पतालको स्तरोन्नति गर्ने घोषणा गरेको तर सो बमोजिम कार्य नगरेको भन्दै ज्ञापनपत्र बुझाउँदै घोषित कार्यक्रमलाई मूर्तरूप नदिए मङ्सिर १२ गतेदेखि प्रदेश सरकारविरुद्ध धर्ना, सभा, जुलुसलगायत सङ्घर्षका कार्यक्रम गर्ने चेतावनी दिएका छन् ।

ज्ञापनपत्रमा पोखरिया अस्पताललाई ५० शय्याको बनाउने घोषणा भएपनि सो अनुरूप कार्य नभएको र यसबारे पटक–पटक ध्यानाकर्षण गराउँदा पनि सुनवाइ नभएको उल्लेख छ ।

यसैगरी, अस्पतालमा १५ शय्याको आइसियू सञ्चालनका लागि उपकरण, पिसिआर मेशिन तथा भेन्टिलेटर मेशिन प्रदेश सरकारले हस्तान्तरण गरे पनि सो सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन नगर्दा उपकरणहरू अहिलेसम्म त्यत्तिकै प्रयोगविहीन अवस्थामा रहेको उल्लेख छ ।

यसैगरी, पोखरिया अस्पतालमा औषधिको अभाव भएको र सर्वसाधारणले स्वास्थ्य बीमा गराए पनि सो अनुरूपका औषधिहरू पाउन वञ्चित रहेकाले यसतर्फ पनि प्रदेश सरकारले पहल नगरेको नेता समानीले ज्ञापनपत्रमा उल्लेख गरेका छन् ।

विगतमा निर्माण भइरहेका बर्थिङ सेन्टरलगायतका योजनाहरूमा पनि प्रदेश सरकारले थप रकम नछुट्याउँदा योजनाहरू अलपत्र रहेको भन्दै सबै घोषित कार्यक्रम अविलम्ब पूरा गर्न ज्ञापनपत्रमा आग्रह गरिएको छ ।

## जसपाको वडा समायोजन कार्यक्रम

प्रस, वीरगंज, १० मङ्सिर/

जसपा, पर्साको कालिकामाई गाउँपालिका–१ मुडलीमा वडा समायोजन कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रवार आयोजित कार्यक्रममा वडा नं १ मा रहेको वडा समितिमा समाजवादी महिला सङ्घ, मुस्लिम, युवा, किसान सङ्घ समायोजन गरिएको जसपा पर्साका सचिव तबरेज अहमदले बताए ।

जसपा कालिकामाई गापा एकाइ अध्यक्ष दिनेश साह कलवारको अध्यक्षतामा भएको कार्यक्रममा मधेस आन्दोलनका घाइते राजेश साह, विमल महतो कोइरीलाई प्रदेशसभा सदस्य सिंहासन साह कलवारले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रममा जसपा पर्साका अध्यक्ष रामनरेश यादव, मधेस प्रदेश समिति सदस्य मदन चौहान, गौरीशङ्कर साह, राधाकृष्ण चौरसिया, पोखरिया नपाकी उपप्रमुख सलमा खातुनलगायतले जसपाको आकर्षण देशभर बढेको दाबी गरे । उनीहरूले मधेसमा स्थापित भएपनि अहिले देशका सबै भूगोल र समुदायका साझा समस्या, आवाजहरूलाई प्रतिनिधित्व गर्ने पार्टीको रूपमा जसपा स्थापित भएको बताए ।


### राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरीबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपाङ्गता भएका व्यक्तिको अवस्था जान्न ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## घरेलु मदिरा नष्ट

प्रस, वीरगंज, १० मङ्सिर/

सशस्त्र प्रहरी सुरक्षा बेस वीरगंज–११ रानीघाटले घरेलु मदिरा नियन्त्रणमा लिएर नष्ट गरेको छ । सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वार्टर पर्साले जनाए अनुसार शुक्रवार बिहान सवा ६ बजे रानीघाट बेसको मोबाइल गस्तीले दुईवटा साइकलमा बोरामा प्याक गरी घरेलु मदिरा लगिरहेको अवस्थामा पक्राउ गर्न खोज्दा साइकल र मानिस बोरा फालेर बेपत्ता भएको जनाइएको छ ।

दुईवटा बोराबाट ११५ लिटर तयारी मदिरा बरामद भएको र सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ ।

## मोटरसाइकल चोर पक्राउ

प्रस, रक्सौल, १० मङ्सिर/

भारत, सुगौलीको सेमरा रेलवे स्टेशननजीकैबाट मोटरसाइकलसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले रामगढवाको दुबौलिया मुर्गिया टोल निवासी नौसाद आलमलाई चोरीको मोटरसाइकलसहित पक्राउ गरेको प्रहरीले जनाएको छ। केही दिन अघि नायकटोला निवासी सुखाडी रामको मोटरसाइकल घरबाटै चोरी भएको थियो ।

## ब्राउनसुगरसहित दुईजना पक्राउ

प्रस, रक्सौल, १० मङ्सिर/

भारत–नेपाल सीमाको रक्सौल थाना अन्तर्गत रहेको हरैया ओपी थानाले ब्राउनसुगरसहित दुईजनालाई पक्राउ गरेको छ ।

ओपी प्रभारी गौतम कुमारको नेतृत्वमा गएको टोलीले परेउवा बजारस्थित बौधीमाई स्थानबाट ५० ग्राम ब्राउनसुगरसहित पंचभेडिया निवासी अरुण यादव र सञ्जय पण्डितलाई पक्राउ गरिएको ओपी प्रभारी गौतमले बताए । पक्राउ परेका दुवैजना ब्राउनसुगरको तस्कर भएको बताइन्छ ।

# खेलकूदको संसार

### टी-२० मेयरकप क्रिकेट प्रतियोगिता

## कालिकामाई र विन्ध्यवासिनी विजयी

धर्मेन्द्र चौरसिया, पोखरिया, १० मङ्सिर/

पोखरिया युवा समाजको आयोजनामा पोखरियामा जारी टी–२० मेयरकप क्रिकेट प्रतियोगितामा शुक्रवार पनि दुई खेल सम्पन्न भयो ।



आज भएको दुई खेलमा कालिकामाई र विन्ध्यवासिनी गाउँपालिका विजयी भए । पहिलो खेलमा टस जितेर धोबिनी गापाले ब्याटिङ गर्दै १४ ओभरमा ९४ रन बनाएको थियो । प्रतिउत्तरमा कालिकामाईले ८.३ ओभरमा २ विकेट गुमाएर ९७ रन बनाइ जीत हासिल गऱ्यो ।

पहिलो खेलमा १ विकेटसहित ३७ रन बनाएका जावेद आलम म्यान अफ दी म्याच घोषित भए ।

यसैगरी, दोस्रो खेलमा जगरनाथपुर गापाले पनि टस जितेर ब्याटिङ गर्दै १५.३ ओभरमा सबै विकेट गुमाएर ८३ रन बनाएको थियो ।

प्रतिउत्तरमा ८ ओभरमा तीन विकेटको नोक्सानीमा विन्ध्यवासिनी गापाले ८६ रन बनाएर जीत हासिल गऱ्यो । दोस्रो खेलको म्यान अफ दी म्याच तीन विकेटसहित ३६ रन बनाएका अनुज चौरसिया घोषित भएको पोखरिया युवा समाजका उपाध्यक्ष दिनेश मिश्रले बताए ।

## महिला क्रिकेट : नेपालद्वारा मलेशिया पराजित

काठमाडौं, १० मङ्सिर/रासस

संयुक्त अरब इमिरेट्स (युएई)मा जारी आइसिसी महिला टी–ट्वान्टी विश्वकप एशिया छनोटमा नेपालले मलेशियालाई पराजित गरेको छ । जीतसँगै नेपाल शीर्ष स्थानमा उक्लेको छ ।

विश्वकप एशिया छनोट अन्तर्गत शुक्रवार भएको आफ्नो चौथो खेलमा नेपालले मलेशियालाई ६ विकेटले पराजित गरेको हो । मलेशियाले नेपाललाई जीतका लागि ९३ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य नेपालले १८ दशमलव २ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो । जीतसँगै नेपालले आगामी वर्ष हुने टी–२० विश्वकप ग्लोबल छनोटमा पुग्ने सम्भावना बलियो बनाएको छ । नेपालको जीतमा सीता रानामगरले सर्वाधिक ३० रनको योगदान दिइन् । कप्तान रूविना क्षेत्रीले २०, सरिता रानामगरले १५, कविता कुँवरले १० तथा इन्दु बर्माले चार रन बनाए ।

त्यसअघि दुबईस्थित आइसिसी एकेडेमीको मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको मलेशियाले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ९२ रन बनाएको थियो । मलेशियाका लागि एल्सा हन्टरले अविजित ३९ रन बनाइन् । मास इलिएसाले १४ तथा युसरिना याकोपले १२ रनको योगदान दिए ।

बलिङतर्फ नेपालकी सबनम राईले दुई तथा कविता कुँवर, सीता रानामगर र कप्तान रूबिना क्षेत्रीले एक/एक विकेट लिए । नेपाल चार खेलमा तीन जीत र एक हारका साथ ६ अङ्क जोड्दै शीर्ष स्थानमा पुगेको छ । नेपाल पहिलो खेलमा हङकङसँग ६ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा भुटानलाई ८ विकेटले पराजित गरेको थियो ।

त्यस्तै, नेपालले तेस्रो खेलमा कुवेतलाई ९ विकेटले हराएको थियो । तीन खेल खेलेको युएई शतप्रतिशत नतीजाका साथ ६ अङ्क जोडेर दोस्रो स्थानमा छ । रन रेट बलियो भएका कारण नेपाल शीर्ष स्थानमा छ । नेपालले अन्तिम खेल आइतवार युएईसँग खेल्नेछ ।

## 'ए' डिभिजन लिग : सातदोबाटोद्वारा थ्रीस्टार पराजित

काठमाडौं, १० मङ्सिर/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा नवप्रवेशी सातदोबाटो युथ क्लबले थ्रीस्टार क्लबलाई पराजित गरेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा सातदोबाटाले थ्रीस्टार क्लबलाई १–० गोलअन्तरले पराजित गरेको हो । यसअघि सातदोबाटोले पहिलो खेलमा फ्रेन्ड्स क्लबसँग गोलरहित बराबरी खेलेको थियो । सातदोबाटोका लागि सुदीप गुरुङले निर्णायक गोल गरे । उनले खेलको २९औं मिनेटमा गोल गरेका हुन् ।

जीतसँगै सातदोबाटोले चार अङ्क जोडेको छ । थ्रीस्टारको तीन अङ्क छ । यसअघि पहिलो खेलमा थ्रीस्टारले च्यासल युथ क्लबलाई ३–० गोलअन्तरले पराजित गरेको थियो ।

# महाधिवेशनपछि नेका पर्साको पालिका र जिल्ला अधिवेशन हुने

प्रस, वीरगंज, १० मङ्सिर/

नेपाली काङ्ग्रेस, पर्साको पालिका तथा जिल्ला अधिवेशन महाधिवेशनपछि हुने भएको छ ।

जिल्ला निर्वाचन अधिकृत नरेन्द्र केसीले हिजो बिहीवार सूचना जारी गर्दै काङ्ग्रेसको चौधौं महाधिवेशनको संशोधित तालिका अनुसार गाउँ, नगर, वडा अधिवेशन तोकिएको समयमा नै प्राविधिक कारणवश हुन नसकेकोले नेताहरूको सहमतिमा पुनः मङ्सिर १ गतेबाट शुरू भई हिजोको मितिसम्म परिणाम आइनसकेको र प्रदेश अधिवेशन मङ्सिर १६ र १७ गते तोकिसकेको हुँदा केन्द्रीय निर्वाचन समितिको निर्देशन अनुसार पालिका अधिवेशन पछि हुने गरी हाललाई रोकिएको जानकारी गराएका छन् ।

साथै, पर्सा जिल्लाको प्रदेशसभा, क्षेत्रीय अधिवेशन मङ्सिर ११ र प्रतिनिधिसभा, क्षेत्रीय अधिवेशन १३ गतेको लागि संशोधन गरी कार्यतालिका बनाइएको उल्लेख गरेका छन् । योसँगै पर्सा जिल्लाको जिल्ला अधिवेशन र नगर अधिवेशन महाधिवेशनपछि हुने भएको हो ।



पर्सागढी नपा–६ का वडा सभापति किशोरीलाल अहिरलगायत । तस्वीरः प्रतीक

नेका पर्साका सचिव श्याम पटेलले जिल्ला अधिवेशन र नगर अधिवेशन महाधिवेशनपछि हुने बताए । उनले समय अभावले दुवै अधिवेशन महाधिवेशनपछि हुने बताए ।

वडा अधिवेशन सम्पन्न गर्न ९ दिन समय लागेकोले अन्य अधिवेशनहरू प्रभावित भएको भन्दै महाधिवेशनलाई लक्षित गरी नयाँ कार्यतालिका अनुसार प्रदेश र निर्वाचन क्षेत्रको क्षेत्रीय अधिवेशन हुने र जिल्ला तथा पालिका अधिवेशन महाधिवेशनपछि हुने प्रस्ट्याएका छन् ।

*प्रस, बिरुवागुठी/*

पर्सागढी नगरपालिका–६ को नेका वडा एकाइ कमिटीको अधिवेशन बिहीवार राति सम्पन्न भएको छ ।

बिहीवार दिनभर सहमतिको प्रयास गरिए तापनि दुई पक्षबीच सहमति हुन नसकेपछि अबेर राति वडा सभापति र क्षेत्रीय प्रतिनिधि छनोटको लागि निर्वाचन गरिएको थियो ।

सभापतिको लागि पर्सागढी नपा–६ का वडाध्यक्ष किशोरीलाल अहिर र उनका प्रतिद्वन्द्वी अजय यादवबीच प्रतिस्पर्धा भएको थियो । ३५ क्रियाशील सदस्य रहेको वडामा राति भएको चुनावमा वडाध्यक्ष किशोरीलाल अहिरले १८ मत ल्याइ वडा सभापतिमा निर्वाचित भएका छन् भने उनका प्रतिद्वन्द्वी अजय यादवले १६ मत ल्याएका थिए । एक मत बदर भएको निर्वाचन अधिकृत हरिमाधव यादवले बताए ।

त्यसैगरी, क्षेत्रीय प्रतिनिधिमा पर्सागढी नपाका प्रमुख लोकनारायण यादव, पचियादेवी दुसाधिन, प्रेमा देवी, रूविया देवी, बबिता कुमारी, प्रयाग हजरा, राजेश्वरप्रसाद यादव, अर्जुन गिरी, हीरालालप्रसाद यादव, अर्जुन साह, जवाहरलाल राउत, शङ्कर राउत, पन्नालाल साह तेली, धर्मदेव राउत, राधाकृष्ण निर्वाचित भएका छन्।

निर्वाचित वडा सभापतिले वडा कमिटी विस्तार गर्ने सहमति भएको छ। पर्सागढी नपाका आठवटै वडामा सर्वसम्मतबाट वडा अधिवेशन सम्पन्न भइसकेको छ ।




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com


**झोलुङ्गे पुल....**

सकाउने सो निर्माण कार्य हेर्ने वीरगंज महानगरका इन्जिनीयर ओमप्रकाश यादवले बताए। ६४ मिटर लम्बाइ भएको उक्त पुलको बजेट स्टील फेब्रिकेशनतर्फ २९ लाख, उपभोक्ता समूहले गर्ने निर्माणतर्फ २४ लाख र बाँकी बीमालगायत शुल्क जोड्दै रु ६४ लाख बजेट रहेको छ । रामजानकी झोलुङ्गे नामले पुल निर्माण भइरहेको उक्त पुलले वीरगंज–१८ भवानीपुर, वडा नं २२ मनियारी, २३ प्रसौनीबिर्ताका बासिन्दालाई पटेलनगर, सुखचैना, गण्डक, परवानीपुरतर्फ निस्किने छोटो बाटो तय गर्नेछ ।